जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक १५६ • २०८२ साल कार्त्तिक १९ गते बुधबार (5 November, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।–

## झण्डाको चिन्ह प्रयोग गर्न खोजेकोमा आपत्ति

**टुडे समाचारदाता**

काठमाण्डु । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालले आफ्नो पार्टीको झण्डामा प्रयोग गरिएको तारा अंकित चिन्ह अरुले प्रयोग गरेको भन्दै आपत्ति जनाएको छ ।

जसपा नेपालका प्रवक्ता मनिषकुमार सुमनले जारी गरेको विज्ञप्तिमा पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाललगायतका दलहरू मिलेर बुधबार घोषणा गर्न लागिएको दलको चुनाव चिन्ह पाँचकुने तारा सार्वजनिक गरिएको छ ।

उनले निर्वाचन आयोगको ध्यानाकर्षण गराउँदै एउटा दलले प्रयोग गरेको चिन्ह अरुलाई नदिन सार्वजनिक आग्रह गरेका छन् ।

प्रवक्ता सुमनले विज्ञप्ति जारी गर्दै आफ्नो पार्टीको झण्डामा रातो पृष्ठभूमिमा अंकित पाँच कुने तारा रहेको भन्दै त्यसलाई अन्य दलले प्रयोग गर्ने भनेर आएको समाचारप्रति ध्यानाकर्षण भएको उल्लेख गरेको छ ।

जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ६ (१) (ङ), दफा (९), दफा ५४ (७) (क) विपरीत यस जनता समाजवादी पार्टी, नेपालको झण्डामा रातो पृष्ठभूमिमा अंकित पाँच कुने तारालाई अन्य कुनै राजनीतिक दलले आफ्नो चूनाव चिन्ह दावी गर्ने सम्बन्धी सार्वजनिक संचार माध्यमहरूमा प्रकाशित समाचारहरूप्रति हाम्रो गंभीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ, 'जनता समाजवादी पार्टी, नेपालको झण्डामा प्रयोग गरी आएको उक्त पाँच कुने तारा चिन्ह अन्य कुनै राजनीतिक दललाई निर्वाचन चिन्ह वा अन्य चिन्हको रूपमा प्रयोग नगर्न हुन आग्रह गर्दछौं । साथै यस सम्बन्धमा निर्वाचन आयोगसमेतको ध्यानाकर्षण गराउँदछौं ।'

यद्यपि, जसपा नेपालको झण्डा गोल घेराभित्र पाँच कुने तारा र उक्त ताराभित्र मुठ्ठी कसेको हात रहेको छ । जसपा नेपालको चुनाव चिन्ह भने ढल्केको छाता हो ।

माओवादी केन्द्र, एकीकृत समाजवादी लगायतका विभिन्न ९ कम्युनिस्ट घटकबीच एकता भएर बन्न लागेको नेपाली कम्युनिस्ट पार्टीले पाँचकुने तारा चुनाव चिन्हका रुपमा प्रयोग गर्ने निर्णय गरेको छ ।

### व्यवसायी कुटपिट प्रकरण

# सुरक्षानिकाय- व्यापारीबीच पाँच बुँदे सहमतिपछि आन्दोलन स्थगित

**टुडे समाचारदाता**

जनकपुरधाम । आन्दोलित भएका जनकपुरधामका व्यापारीहरुले घोषणा गरेको आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरेका छन् ।

धनुषाका प्रमुख जिल्ला अधिकारीको अगुवाइमा भएको छलफल सहमतिमा टुंगिएपछि जनकपुरधामका व्यापारीहरूले आन्दोलनका कार्यक्रमहरु स्थगित गरेका छन् ।

जनकपुरधाममा मंगलबार जिल्ला प्रशासन कार्यालय धनुषामा भएको छलफलमा सुरक्षानिकायका पदाधिकारी र जनकपुर उद्योग वाणिज्य संघका प्रतिनिधिहरू सहभागी थिए । छलफलपछि प्रहरी र व्यवसायी पक्षबीच पाँच बुँदे सहमति भएको जनाइएको छ ।

दुवै पक्षबीच भएको सहमति अनुसार गत असोज ३१ गते जनकपुरधामको सोनारपट्टी बजारमा भएको घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्ने, व्यापारीहरूको सुरक्षाको प्रत्याभूति दिलाउने, र बजार सञ्चालनका लागि सहज वातावरण सुनिश्चित गर्ने जस्ता सहमति भएको जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जानकारी दिए ।

सहमतिपछि जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष भण्डारीले प्रहरी दमनविरुद्ध आह्वान गरेको आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको बताए । आन्दोलन फिर्ता लिएसँगै जनकपुरधामको बजार व्यवसाय पुनः सञ्चालनमा आएको छ । प्रमुख




जिल्ला अधिकारी धनुषाका प्रेम प्रसाद लुईटलको रोहबरमा भएको सहमतीय बैठकले धनुषा जिल्लामा भएका उद्योग र व्यवसायजन्य पछिल्ला गतिविधिहरु बारे बृहत रुपमा सफल तथा अन्तरक्रिया गरी उद्योग व्यवसाय सहज रुपमा संचालन गर्न सबै पक्षले समन्वयात्मक रुपमा कार्य गर्ने र सुरक्षाको भरपर्दो व्यवस्था मिलाउने, असोज ३१ मा भएको घटनामा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष भण्डारी घाइते हुनु भएको घटना प्रति दुख व्यक्त गर्दै उनको शीघ्र स्वास्थ्य कामना, सो घटनामा सम्वन्धित निकायले छानविन गरी प्रचलित कानुन बमोजिम दोषी देखिने उपर आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाउने, जनकपुरधाम उद्योग वाणिज्य संघबाट घोषणा गरी भइरहेको आन्दोलनलाईस्थगित गरी सबै उद्योग व्यवसाय नियमित रुपमा सुचारु गर्ने सहमति भएको संघद्वारा जारी गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यसअघि शनिबारदेखि नै आन्दोलित व्यापारीहरूले मंगलबार बिहान ९ बजेदेखि १२ बजेसम्म बजार व्यवसाय बन्द गर्दै विरोध प्रदर्शन गरेका थिए ।

व्यापारीहरूले यसअघि तीन दिनसम्म आफ्नो व्यापारिक प्रतिष्ठानमा कालो झण्डा झुण्ड्याएका थिए ।

संघको अगुवाइमा मंगलबार जनकपुरधाम नगरमा विरोध ¥याली पनि निकालिएको थियो । धनतेरसको अघिल्लो दिन प्रहरीले अवैध सुनचाँदी रहेको सूचनाका आधारमा जनकपुरधामको सुनचाँदी बजारस्थित पायल ज्वेलर्समा छापा मारेको थियो । सो क्रममा पायल ज्वेलर्सबाट करिब सात किलो चाँदी नियन्त्रणमा लिएपछि व्यापारीहरूले आपत्ति जनाएका थिए ।

प्रहरी र व्यापारीबीच विवाद चर्किंदै जाँदा प्रहरीले बल प्रयोग गरेको थियो । सोही क्रममा संघका अध्यक्ष भण्डारी प्रहरीको कुटपिटबाट घाइते भएका थिए । त्यसपछि व्यापारीहरूले दोषी प्रहरीमाथि कारबाही र निष्पक्ष छानबिनको मागसहित आन्दोलन गरेका थिए ।

धनतेरसको पूर्वसन्ध्यामा प्रहरीले अवैध सुनचाँदी रहेको सूचनाका आधारमा सोनारपट्टी बजार क्षेत्रमा छापा मारेको थियो । सो क्रममा एक पसलबाट करिब सात किलो चाँदी नियन्त्रणमा लिएपछि व्यापारीहरूले विरोध जनाएका थिए । व्यापारीहरूले प्रहरीले छापाको नाममा चाँदी लुटेको आरोप लगाएका थिए ।

विवाद तीव्र बन्दै जाँदा प्रहरीले बल प्रयोग गरेको थियो, जस क्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी घाइते भएका थिए । उक्त घटनापछि व्यापारीहरूले दोषी प्रहरीमाथि कारबाही र निष्पक्ष छानबिनको माग गर्दै आन्दोलन शुरु गरेका थिए ।






# उपत्यकामा धुवाँ फाल्ने ३७ सवारीसाधन नियन्त्रणमा



काठमाण्डु । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले उपत्यकामा धुवाँ फाल्दै वातावरण फोहर बनाएर गुड्ने सवारीसाधनलाई नियन्त्रणमा लिन थालेको छ।

सोमबार ट्राफिक प्रहरीले जाँचपास नभएका तथा सडकमा अत्यधिक धुवाँ फाल्दै गुडिरहेका ३७ वटा सवार ीसाधनलाई नियन्त्रणमा लिएर पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गरेको हो।

उपत्यकाका विभिन्न स्थानमा गरिएको चेकिङका क्रममा सवारी जाँचपास नभएका तथा अत्यधिक धुवाँ फाल्ने भाँडाका बस १६, पिकअप भ्यान १४, स्कुल बस चार, व्यक्तिगत कार दुई र भाडाका कार एक गरी ३७ वटा सवारीसाधनलाई नियन्त्रणमा लिइएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "अत्यधिक धुवाँ फाल्ने र सवारी जाँचपास नभएका गरी ३७ सवार ीसाधन नियन्त्रणमा लिइएको छ। नियन्त्रणमा लिएका सवार ीसाधनलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अनुसार अवस्था ठीक नभएको सवार ीसाधन चलाउन नहुने कसुरमा कारबाही हुन्छ।"

वायु प्रदूषण नियन्त्रण गर्न र सडक दुर्घटनाको जोखिम न्यूनीकरण गर्न ट्राफिक प्रहरीले पछिल्ला दिनमा कडाइका साथ अनुगमन अभियान सञ्चालन गरिरहेको र सोही क्रममा सोमबार ३७ सवारीसाधन नियन्त्रणमा लिइएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "अत्यधिक धुवाँ फाल्ने सवारीसाधन चलाउँदा वातावरण प्रदूषित हुन्छ, जसको असर सर्वसाधारणको स्वास्थ्यमा पर्छ। त्यस्तै, मर्मत नभएका सवारीसाधन चलाउँदा दुर्घटनाको जोखिम पनि उच्च हुने भएकाले मर्मत गरी दुरुस्त अवस्थामा मात्रै सञ्चालन गर्न सबै चालक र सवारी मालिकलाई मेरो आग्रह छ।"

उहाँले सवारी चालकलाई सवारीको प्राविधिक अवस्था समयसमयमा परीक्षण गर्न र जाँचपास अवधि समाप्त हुन नदिन आग्रह गर्नुभयो। सोमबार नियन्त्रणमा लिइएका सवार ीसाधनलाई आवश्यक मर्मत कार्य सम्पन्न गरी तोकिएको जरिवाना तिरेपछि मात्रै कागजपत्र फिर्ता दिइने ट्राफिक प्रहरीले जनाएको छ। यसअघि पनि उपत्यका ट्राफिक प्रहरीले धुवाँ फाल्ने सवारीसाधन र जाँचपास नभएका गाडीविरुद्ध नियमित रूपमा कारबाही गर्दै आएको छ।

ट्राफिक प्रहरीले पछिल्लो समय वायु प्रदूषण नियन्त्रणलाई प्राथमिकतामा राख्दै, पेट्रोल र डिजेलबाट चल्ने पुराना सवार ीसाधनको अवस्था परीक्षण, अनुगमन तथा चालक सचेतना कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ।

साथै, सवारी जाँचपास तथा बिमा नवीकरणका विषयमा चालकलाई जानकारीमूलक अभियान सञ्चालन गरिरहेको छ।वातावरणविद्का अनुसार उपत्यकामा वायु प्रदूषणका प्रमुख कारण अत्यधिक धुवाँ फाल्ने पुराना सवारीसाधन हुन्। यसले खासगरी बालबालिका, वृद्धवृद्धा र दम, रोगीमा स्वास्थ्य समस्या बढाउने गरेको पाइएको छ।रासस

# फेक अडियोमार्फत बदनाम गरेको भन्दै प्रमुख प्रशासकीय अधिकृत यादवको आपत्ति

**टुडे समाचारदाता**

रौतहट। रौतहटको माधव नारायण नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले सामाजिक सञ्जालमा आफ्नो नाम जोडेर सार्वजनिक गरिएको अडियो फेक (नक्कली) भएको स्पष्ट गर्दै सोप्रति कडा आपत्ति जनाएका छन्।

यादवका अनुसार सार्वजनिक गरिएको अडियोमा सुनिएको आवाज नगरपालिकाका कुनै पनि निर्वाचित जनप्रतिनिधि वा कर्मचारीको नभएको ठोस प्रमाण रहेको छ। उनले नगरपालिकाको छवि धुमिल पार्ने नियोजित उद्देश्यले उक्त अडियो तयार गरी प्रसारण गरिएको भन्दै गम्भीर आपत्ति प्रकट गर्नु गरे।

प्रमुख प्रशासकीय अधिकृत यादवले भ्रम फैलाउने र बदनाम गर्ने उद्देश्यले गरिएको यस्तो कार्य कानूनी अपराध भएको उल्लेख गर्दै त्यसविरुद्ध आवश्यक कानूनी कारबाही प्रक्रिया अघि बढाउने चेतावनी दिएका छन्।



उनले नागरिक र मिडियालाई पनि यस्ता फेक सामग्रीप्रति सचेत रहन आग्रह गर्दै पुष्टि नगरिएका सूचना वा अडियो सार्वजनिक नगर्न अनुरोध गरे।

# झाडापखाला नियन्त्रणका आवश्यक काम गर्न निर्देशन



**टुडे समाचारदाता**

जनकपुरधाम। मधेशमा झाडापखालाका बिरामी देखिन थालेपछि मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले झाडापखाला नियन्त्रणका लागि तत्काल कदम चाल्न र आवश्यक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकारका सचिव, सप्तरीका प्रमुख जिल्ला अधिकारी, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी स्वास्थ्य कार्यालय सप्तरीका प्रमुखसँग प्रत्यक्ष छलफल तथा टेलिफोन वार्ता गरी झाडापखाला नियन्त्रणका लागि आवश्यक योजना र तत्कालीन कार्यान्वयनका उपायहरू अवलम्बन गर्न मुख्यमन्त्री सोनलले निर्देशन दिए।

सङ्क्रमितहरूको उपचारमा कुनै कमी हुन नदिन स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न, औषधि, रोग निदानका उपकरण तथा आवश्यक स्वास्थ्य सामग्रीहरू तुरुन्तै उपलब्ध गराउन उनले निर्देशन दिए।

त्यस्तै मुख्यमन्त्री सोनलले प्रदेश स्वास्थ्य निर्देशनालय र प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकहरूलाई पनि आवश्यक स्रोत साधन परिचालन गर्न र महामारी फैलिन नदिन सर्वसाधारणमा जनचेतना कार्यक्रम सशक्त रूपमा सञ्चालन गर्न निर्देशन दिए।

# रजत जयन्ती भव्य रूपमा मनाइयो




टुडे समाचारदाता

रौतहट। देव संस्कृति विश्वविद्यालयमा उत्तराखण्ड राज्य स्थापना दिवसको रजत जयन्तीको अवसरमा दुई दिने उत्सव हर्षोल्लासका साथ मनाइएको छ। यस अवसरमा विश्वविद्यालय स्तरको एकल र समूह नृत्य प्रतियोगिताको आयोजना गरिएको थियो। कार्यक्रममा शुभारम्भ विश्वविद्यालयका उपकुलपति तथा युवा आइकन डा. चिन्मय पण्ड्याले दीप प्रज्ज्वलन गरेर गरेका थिए।

कार्यक्रममा राज्यका विभिन्न विश्वविद्यालयबाट आएका प्रतिभागीहरूले आफ्नो मनमोहक नृत्य प्रस्तुत गरी मंचलाई जीवन्त बनाएका थिए। यी प्रस्तुतिहरूमा उत्तराखण्डको समृद्ध सांस्कृतिक विरासतको झलक स्पष्ट देखिन्थ्यो। युवा आइकन डा. पण्ड्याले प्रतिभागीहरूलाई शुभकामना दिँदै निर्णायकहरूलाई युग साहित्य र गायत्री महामन्त्र अंकित चादर उपहारस्वरूप प्रदान गरी सम्मानित गरे।

राज्य स्थापना दिवसको रजत जयन्तीको अवसरमा उच्च शिक्षा विभाग, उत्तराखण्डले राज्यका सबै सरकारी, निजी महाविद्यालय र विश्वविद्यालयहरूलाई विभिन्न प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी प्रदान गरेको थियो।

एकल नृत्य प्रतियोगिताको समापन डा. देवेंद्र भसीन, उपाध्यक्ष, उच्च शिक्षा उन्नयन समिति उपस्थितिमा भएको थियो। उनले प्रतिभागीहरूलाई प्रमाणपत्र प्रदान गर्दै भने, "नृत्य हाम्रो सांस्कृतिक विर ासतलाई जीवित राख्ने एक सशक्त माध्यम हो।"

समापन समारोहअघि समूह नृत्य प्रतियोगिता पनि आयोजना गरिएको थियो, जसमा राज्यका १६ विश्वविद्यालय र महाविद्यालयहरूले भाग लिएका थिए। यस अवसरमा डा. ममता ड्यूडी नैथानी, उपनिर्देशक, उच्च शिक्षा विभाग, उत्तराखण्ड पनि उपस्थित थिइन्।

# लागूऔषधसहित तीन जना पक्राउ

**टुडे समाचारदाता**

बर्दिवास। धनुषा-महोत्तरीको सीमावर्ती क्षेत्रतर्फ विभिन्न स्थानबाट ४१ बोतल प्रतिबन्धित लागूऔषधसहित तीन जनालाई पक्राउ गरेको छ।

धनुषाको लालगढ र महोत्तरीको बर्दिवासबाट लागूऔषध नियन्त्रण व्यूरो शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा सञ्चालन गरेको तलासीका क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो।



व्यूरो प्रमुख प्रहरी नायब निरीक्षक सरोजकुमार अधिकारीको नेतृत्वमा खटिएको संयुक्त प्रहरी टोलीले शुरुमा लालगढबाट सर्चअप्रेसन शुरु गरेको थियो।

लालगढस्थित मोडेल अस्पताल पछाडिको कच्ची सडकमा तलासी लिदा ज १२ प ३१२९ नम्बरको मोटरसाइकल चलाइरहेका मिथिला नगरपालिका-८ स्थित जमुनीबासका १८ वर्षीय रितेशकुमार महतोको साथबाट ओनेरेक्स सिरप १५ बोतल बरामद गरेको थियो।

व्यूरो प्रमुख अधिकारीले दिएको जानकारी अनुसार मोटरसाइकलको लेगार्डमा झुण्याइएको झोलाभित्र लुकाइएको अवस्थामा उक्त लागूऔषध फेला परेको हो।

व्यूरो प्रमुख अधिकारी नेतृत्वकै टोलीले बर्दिबास नगरपालिका-८ स्थित हाथीलेट प्रहरी चौकी अगाडि निगरानी बढाएको थियो।

लालगढमा पक्राउ परेका रितेशलाई इलाका प्रहरी ढल्केबरमा र राजेश तथा रोहितलाई अनुसन्धान कारबाहीका लागि इलाका प्रहरी बर्दिबासमा बुझाएको लागूऔषध नियन्त्रण व्यूरो शाखाले जनाएको छ।

# नेपाल प्रहरीका पाँच जनाको प्रहरी नायब महानिरीक्षकमा पदोन्नति

काठमाण्डु। सङ्घीय सरकारको गृहमन्त्रीस्तरीय निर्णयअनुसार प्रहरी वरिष्ठ उपरीक्षकबाट प्रहरी नायब महानिरीक्षक पदमा पदोन्नति भएका पाँच जना प्रहरी नायब महानिरीक्षक दर्ज्यानी चिन्हद्वारा सुशोभित हुनुभएको छ। प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले सोमबार नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच उहाँहरूलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नुभएको हो।

दर्ज्यानी चिन्हद्वारा सुशोभित हुने प्रहरी नायब महानिरीक्षकमा भूपेन्द्रबहादुर खत्री, सानुराम भट्टराई, ओमप्रसाद अधिकारी, शेखर खनाल र अविनारायण काफ्ले रहनुभएको छ। समारोहमा प्रहरी महानिरीक्षक खापुङले दर्ज्यानी चिन्हद्वारा सुशोभन भएका प्रहरी अधिकृतलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो।

आफ्नो दक्षता, कार्यकुशलता, राष्ट्र, जनता र सङ्गठनप्रति पुऱ्याएको योगदानको उचित मूल्याङ्कनका आधारमा पदोन्नति भएको चर्चा गर्दै उहाँले परम्परागत सोचाइ र शैलीलाई समयानुकूल परिवर्तन गरी आ-आफ्नो स्थानबाट व्यावसायिक, इमानदार एवं कर्तव्यनिष्ठ प्रहरीको छवि बनाउने गरी दृढतापूर्वक काम गर्न प्रहरी अधिकृतलाई निर्देशन दिनुभयो।

प्रहरी महानिरीक्षक खापुङले अहिलेको संवेदनशील घडीमा प्रहरी कमाण्डरको भूमिका केवल प्रशासनिक नेतृत्वमा मात्र सीमित नभई नैतिक, रणनीतिक र प्रेरणादायी हुनुपर्ने उल्लेख गर्दै विगतमा भएका घटनाको विश्लेषण गर्दै छ। रासस

## राहदानी हरायो

मिती २०८२।०६।२१ गते घरबाट जनकपुर सम्म जादै गर्दा मेरो निम्न बेहोरा भएको राहदानी हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ।

**नाम : विकेश पाण्डे**
**ठेगाना : लोहारपट्टी न.पा.-७, भ्रमरपुरा, महोत्तरी**
**राहदानी नम्बर : PA०१५६६७२**
**मो.नं. :९८२७८००१७७**

## आइ.डी. हरायो

मिति २०८२।०६।०१ गतेका दिन जिल्ला रौतहट गढीमाई न.पा ७ धर्मपुर बाट समनपुर बजार जाने क्रममा मेरो निम्न व्यहोराको आईडी कोर्ड न हराएको हुनाले पाउनु हुने वा देख्नु हुने महानुभावहरुले आइडी कोर्ड व्यक्तिको ठेगाना वा नजिकको प्रहरी चौकीमा खबर गरी दिनु हुन अनुरोध छ।

**नाम : शेख कलिमुल्लाह**
**ठेगाना : जि.रौ.साविक गाविस धर्मपुर वडा नं. ५ हाल गढीमाई नगरपालिका, वडा नं. ७, रौतहट**
**आईडी नम्बर : २७५५२४०९८६४**
**मो.नं. : ९८०५६३१७४५**

# यातायात र भान्छालाई विद्युतीकरणमा परिवर्तन गर्न सरकार लागिपरेको छ: मन्त्री घिसिङ

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले यातायात र भान्सालाई विद्युतीकरणमा परिवर्तन गर्न सरकार गम्भीर भएर लागेको बताउनुभएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको २९औँ वार्षिकोत्सव समारोहलाई मंगलबार यहाँ सम्बोधन गर्दै मन्त्री घिसिङले केही काम भएको र अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभयो। उहाँले विद्युतीय गाडीको प्रयोग बढिरहेको र भन्सामा प्रयोग भइरहेको ग्यासलाई विस्थापित गरेर इन्डक्सन अथवा वैकल्पिक ऊर्जाको प्रवर्द्धनका लागि अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभयो।




मन्त्री घिसिङले अहिले चार्जिङ स्टेशनको सहजीकरणका लागि यसको नीति परिवर्तन गर्न लागिरहेको जानकारी दिनुभयो।

सिँचाइको क्षेत्रमा सोलारको प्रयोगलाई कसरी व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ भनेर कार्ययोजना बनाइरहेको जानकारी दिँदै उहाँले सरकारको नीति सोलारको प्रवर्द्धन रहेको स्पष्ट पार्नुभयो।

हावाबाट बिजुली निकाल्ने प्रविधिको विकास गर्नतर्फ सरकारको ध्यान गएको र यसका लागि काम गर्न इच्छुक निजी क्षेत्रलाई मन्त्री घिसिङले आह्वान गर्नुभयो। यसमा निजी क्षेत्रले खासै चासो दिएको नपाइएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "वीन पावरमा कोही चाहना राख्छ भने सरकारले सहयोग गर्छ।

"वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले विकट ठाउँ र विपन्न परिवारका लागि ठूलो योगदान गरेकामा प्रशंसा गर्दै मन्त्री घिसिङले अझै धेरै गर्न बाँकी रहेको औँल्याउनुभयो। उहाँले वैकल्पिक ऊर्जाको कार्यक्षेत्र धेरै बढेकाले अझै प्रभावकारी रूपमा काम गर्न जरुरी रहेको बताउनुभयो।रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज नयाँ सुरुवातका लागि अनुकूल समय छ।
**वृष :** आज खर्च बढ्ने सम्भावना छ, सतर्क रहनुहोस्।
**मिथुन :** आज योजना सफल हुने संकेत छन्। नयाँ अवसर र भेटघाट सम्भव छ।
**कर्कट :** भावनात्मक निर्णय नगर्नुहोस्।
**सिंह :** आत्मबल र प्रतिष्ठा बढ्नेछ। पुराना काम पुरा गर्न सजिलो हुनेछ।
**कन्या :** कामको चाप बढ्नेछ, तर परिणाम राम्रो आउँछ।
**तुला :** आज नयाँ प्रस्ताव वा अवसर प्राप्त हुन सक्छ।
**वृश्चिक :** गोपनीयता कायम राख्नुहोस्। पुराना गल्ती सुध्रयाउने मौका मिल्नेछ।
**धनु :** शिक्षा र यात्राका अवसर बढ्नेछन्। आर्थिक पक्ष स्थिर रहनेछ।
**मकर :** काममा ध्यान केन्द्रित गर्न सक्ने समय हो।
**कुम्भ:** आज आकस्मिक खर्च बढ्न सक्छ। साँझपछि राहतको खबर आउन सक्छ।
**मीन :** सृजनशील काममा सफलता मिल्नेछ। भावनामा बगेर निर्णय नगर्नुहोस्।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–७ अवस्थित सिङ्जेमा ताल। यस क्षेत्र कञ्चनजङ्घा संरक्षण क्षेत्र भित्र पर्दछ। यो ताल पछिल्लो समय प्रचारप्रसार हुन थालेसँगै पर्यटकहरुको रोजाईमा पर्दै गएको छ।
*तस्बिरः रासस*

# वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनुपर्छः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनाका साथै यसलाई निःशुल्क गर्नेतर्फ नीतिगत पहलकदमी आवश्यक भएको बताउनुभएको छ।

वैदेशिक रोजगार बोर्डको १८औँ स्थापना दिवसका अवसरमा मंगलबार आयोजित कार्यक्रममा उहाँले वैदेशिक रोजगारीलाई पारदर्शी, सम्मानजनक बनाउन अपरिहार्य भएको बताउनुभयो। साथै उहाँले वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको परिवारमा सम्मानजनक एकीकरण तथा सामाजिक सुरक्षा सुनिश्चित गर्नेतर्फ अग्रसर हुन बोर्डलाई निर्देशन दिनुभयो।

श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री एवं बोर्डको अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री कार्कीले वैदेशिक रोजगारीमा जानेहरूलाई सीप सिकाएर दक्ष बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति सरकारले अवलम्बन गरेको बताउनुभयो।

"वैदेशिक रोजगारीमा उत्पन्न हुने समस्या समाधानका लागि बोर्डले सुरु गरेको 'कल सेन्टर' र 'टेलिमेडिसिन' सेवा श्रमिक हितका दृष्टिले उपयोगी देखिएका छन्", उहाँले भन्नुभयो, "यसैगरी सबै कल्याणकारी सेवा पूर्ण रूपमा अनलाइन प्रणालीमार्फत उपलब्ध गराएर सेवाग्राहीको पहुँच बढाउन बोर्डले चालेका कदम प्रशंसनीय छन्।"

प्रधानमन्त्री कार्कीले अब वैदेशिक रोजगारीको विकल्पस्वरूप स्वदेशमा नै सम्मानजनक रोजगारीका अवसरहरू सृजना गर्न, सीपमा आधारित उद्यम र पुनः एकीकरणका कार्यक्रमहरूलाई विस्तार गर्न प्राथमिकता दिनुपर्ने बताउनुभयो।

उहाँले त्यसका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई कार्ययोजना तयार गरेर तदनुरुप काम गर्न निर्देशन दिनुभयो।रासस

# मध्यतराईमा अखण्ड अष्टयाम र लखराव यज्ञप्रति आकर्षण



रौतहट । तराई-मधेसका रौतहट, बारा, पर्सालगायत आसपासका क्षेत्रमा अखण्ड अष्टयाम र लखराव यज्ञजस्ता धार्मिक अनुष्ठानहरू लोकप्रिय बन्दै गएका छन्।

पछिल्ला वर्षहरूमा विवाह, व्रतबन्ध, गृहप्रवेश, प्राणप्रतिष्ठा, यज्ञयज्ञाधिलगायतका शुभकार्यमा नाचगान, भोजभतेरसहित यस किसिमका धार्मिक अनुष्ठान गर्ने चलन बढ्दै गएको छ।

मौलापुर नगरपालिका-४ का हरेकृष्ण तिवारीका अनुसार विशेषगरी माघदेखि असार महिनासम्म सूर्य उत्तरायणको समयमा गरिने विभिन्न शुभकार्यमा गर्ने चलन बढेको हो।

यसो नगरिकन शुभकार्य गरेमा फल प्राप्ति नहुने विश्वाससहित अखण्ड अष्टयाम र लखराव अनिवार्य गर्न थालिएको उहाँले स्पष्ट गर्नुभयो । साथै धार्मिक सहिष्णुता, सामाजिक एकता र भाइचाराको सम्बन्ध विस्तारमा समेत यो चलन सहयोगी बनेको देखिन्छ।

उक्त धार्मिक अनुष्ठान गर्नका लागि मात्र आर्थिक हैसियतअनुसार रु २५ हजारदेखि दशौं लाखसम्म अतिरिक्त रकम खर्च हुनेगरेको बौधीमाईनगरपालिका-८ सरमुजुवाका निर्दलीप्रसाद जैसवाल बताउँनुहुन्छ । उहाँका अनुसार भजनकीर्तन मण्डली, 'साउण्ड सर्भिस', 'टेन्ट', भोजभतेरलगायतकोव्यवस्थापनका क्रममा आयोजक पक्षले थप आर्थिक दायित्व व्यहोर्नुपरेको हो।

यसैगरी मध्यतराईका गाउँ-बस्तीमा विवाहअघि भगवान महादेवलाई प्रसन्न पार्न रुद्री पाठ, बसाहा (गोरु) पूजा, र शिवलिङ्गको लखराव पूजा गर्ने चलन पनि बढेको देखिन्छ । यसका लागि २०-२५ जना पुजारीद्वारा माटोले बनाइएका एक लाख २५ हजार शिवलिङ्गको सामूहिक पूजा गरिने धार्मिक विधि रहेको सरमुजुवा गाविसका पूर्वअध्यक्ष रामलोचन जैसवाल बताउनुहुन्छ । सन्तान नहुने दम्पतीले भाकलसहित तीर्थव्रतपछि जन्मेका सन्तानको विवाहअघि भगवान् शङ्कर र विष्णुलाई खुसी पार्न २४सैँ घण्टा अखण्ड अष्टयाम आयोजना गर्ने चलन पनि यस क्षेत्रमा बढ्दै गएको देखिन्छ ।दुःखकष्टबिना खोटरहित सकुशल सन्तानको जन्म भएमा वाचा गरिएअनुसार लखराव, अष्टयाम गर्ने चलन रहेको मौलापुर नगरपालिका-३ का ७३ वर्षीय अनिल ठाकुरले जानकारी दिनुभयो।

गसैगरी पछिल्लो दशकमा हनुमानको आराधना गर्ने चलन पनि बढेको बौद्धिमाई नगरपालिका-८ पूर्ववडाध्यक्ष उपेन्द्र दास बताउनुहुन्छ।

उहाँका अनुसार पहिले मङ्गलबार र शनिबार मात्र आरधना गरिँदैआएकामा हिजोआज हप्तामा सातै दिन सङ्गीतमय वातावरणसहित पूजाआजा र आरधना गर्ने चलन बढेको छ। यसकिसिमका धार्मिक क्रियाकलाप एवं अनुष्ठानका

> गसैगरी पछिल्लो दशकमा हनुमानको आराधना गर्ने चलन पनि बढेको बौद्धिमाई नगरपालिका-८ पूर्ववडाध्यक्ष उपेन्द्र दास बताउनुहुन्छ ।

कारण देशको मध्यतराईस्थित रौतहट, बारा, पर्सालगायत आसपासका मधेसी समाजमा धार्मिक आस्था, मौलिक संस्कृति, आपसी सद्भावसहित भारचाराको सम्बन्ध विस्तारमा सहयोग पुगेको देखिन्छ ।रासस

# दाजुभाइप्रति समर्पित 'सामा' पर्वको समापन गर्दै मिथिलानी



महोत्तरी । यसपाली मधेसको प्राचीन मिथिला क्षेत्रमा मिथिलानी (मिथिलाका नार ी)ले मन फुकाएर सामाचकेवा खेल्न पाएका छैनन् । कात्तिक शुक्ल पञ्चमीदेखि पूर्णिमासम्म ११ दिन मनाइने यो पर्वको मध्यतिर लगातार पाँच दिन पानी परिरहेकाले मिथिलानीले पर्वमा रमाइलो गर्न नपाएका हुन्। रातको समयमा खुला ठाउँमा दाजुभाइको सौर्य बखान र ऐश्वर्य गाथा गाएर मनाइने यो पर्व वर्षाले प्रभावित भएको स्थानीय बताउँछन् । अब भने मिथिलानी यो पर्वको समापनको तयारीमा जुटेका छन्।

"हामीले मौसम राम्रो नहुँदा सामा राम्ररी मनाउन पाएनौँ, अब समापनको बेला आइसक्यो। बाँकी विधि राम्ररी रमाइलो गर्दै समापन गर्ने तयारीमा छौँ", भङ्गाहा-७ की रङ्गिला चौधरी थारुले भन्नुभयो, "दाजु समापनमा आउने पक्का भएको छ ।" उहाँका अनुसार कात्तिक शुक्ल पञ्चमी अर्थात् यसपटक सम्पन्न छठपर्वको खरनाका दिनदेखि सुरु गरिएको सामा कात्तिक पूर्णिमाका दिन समापन गरिँदै छ ।मिथिलामा दाजुभाइ/दिदीबहिनीबीच प्रेम र समर्पणको प्रतीक मानिने सामाचकेवालाई बोलीचालीमा 'सामा' भनिन्छ । यो मिथिलानीबीच समूहमा गीत गाउँदै मनाइने रमाइलो खेल हो । त्यसैले यसलाई 'सामा खेल्ने' पनि भनिन्छ।

अहिले कात्तिक पूर्णिमा नजिकिएर यो पर्व समापनको तयारी अघि बढेसँगै मिथिलानी आफ्ना दाजुभाइलाई पर्वका लागि खबर दिन व्यस्त छन् । पर्वको समापनमा दाजुभाइबाट सामा खेलका माटाका आकृति घुँडामा राखेर फुटाउन लगाउने विधि गर्ने र मिष्ठान्न परिकार खुवाउने परम्पराले दिदीबहिनी आफ्ना दाजुभाइलाई बोलाउन व्यस्त भएका हुन्।

"भैयाके खबर कैने छि, ओ अयबे करता (दाजुलाई खबर गरेकी छु, उहाँ आउनु हुन्छ)", बुधबार सामा समापनको तयारीमा रहनुभएकी बर्दिवास-२ की सङ्गीता मुखियाले भन्नुभयो, "आब भैयाके लेल मरमिठाइके जोगारमें लागल छि" (अब दाजुका लागि मिष्ठान्न परिकार जुटाउन लागेकी छु)।

आफ्ना दाजुभाइप्रति प्रेम र समर्पण दर्शाउँदै उनीहरूको सौर्य बखान गरेर रातिको समयमा गीत गाउँदै यो पर्व मनाउने परम्परा रहेको मुखियाले जानकारी दिनुभयो ।"रातिको समयमा टोलभरिका मन मिल्ने साथीहरू जम्मा भएर आआफ्ना दाजुभाइलाई सम्झँदै सामा गीत गाउँछौँ, यतिखेर मन खोलेर सखीसँगीबीच ख्यालठट्टा गरिन्छ", बर्दिवास-९ की सुधा महतोले भन्नुभयो, "हामीलाई साथीसँगीबीचको जमघटको रमाइलोले ११ दिन बितेको पत्तै हुँदैन।"

मिथिलानी जस्तै दाजुभाइलाई पनि सामाको पर्खाइ हुन्छ । दिदीबहिनीबाट पाउने प्रेम र समर्पणले मैथिल दाजुभाइ हर्षित हुन्छन् । पर्वका माध्यमले दिदीबहिनीले गीतमार्फत आफूहरूप्रति दर्शाएका प्रेम र समर्पण भावले प्रत्येक मैथिल गर्व गर्छन् । "सामामा दिदीबहिनीले गीतमार्फत दर्शाउने प्रेमले यी हुनुको खुसी मिल्छ", भङ्गाहा-४ का नन्दन चौधरी थारुले भन्नुभयो, "गीतमा दिदीबहिनीले दर्शाएका भावले ऊर्जा दिन्छ।"

'कार्तिक मासे यौ भैया सामा लेलक अवतार, सयौं बरख जियौ यौ भैया सामा लेलक अवतार' (हे दाजुभाइ हो, कात्तिक महिनामा सामा (खेलकी प्रमुख स्त्री पात्र) ले फेरि अवतार लिएकी छन् । तिमी सयौँ वर्ष बाँच्छौ, सामा (बहिनीको भाव) ले फेरि अवतार लिई सकेकी छन्।) दाजुभाइको दीर्घायूको कामनामात्र नभएर मिथिलानीहरु सामा गीतमा आफना दाजुभाइ बहादुर, परोपकारी र दिदीबहिनीप्रति अपार स्नेह भएका पनि गीतबाटै भाव व्यक्त गर्दछन् । यस्ता गीत सुन्दा दिदीबहिनी नहुनेहरु मेराचाहिँ किन भएनन् ? भन्ने भाव र खुल्दुली लगाउने गरेको पाइन्छ।

'चलु बहिना सामा खेल भैयाके आँगन हे...जुगजग जियथिन भैया अपन हे...!' (हिँड दिदीबहिनी हो (सामा खेल्न तयार भएकी एक महिलाले अर्की महिलालाई भन्दैछिन्) सामा खेल्न दाजुको आँगनमा जाउँ, हाम्रो कामनाले दाजुभाइ युगयुगसम्म बाँच्नेछन्) । मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग रहेको सामा पर्वले 'छोरी' नचाहिने भन्नेलाई पनि यो पर्वबीच 'छोरी' को रहर जगाउँछ। आफ्ना दाजुभाइ र दिदीबहिनी नहुनेले नजिकमा यस्तो नाताभित्र पर्व मनाउने गरेका जलेश्वर-१२ का मनोज साहले बताउनुभयो।

पर्वमा मिथिलानीले सामाचकेवा, सतभैया (सप्तर्षि), चुगला (कुरा लगाउने, कुरा काट्ने महाभारतकालीन 'चुडक' नाउँको एक पात्र) र वृन्दावनसहित माटाका आकृति अगाडि राखेर गीत गाउँदै प्रत्येक दिन चुगलाको दाह्रीमा आगोले झोस्दै त्यो दिनको खेल सम्पन्न गर्दछन् । यस्ता आकृति पर्व सुरु हुनपूर्व मिथिलानीहरूले पोखरीको डिलबाट माटो खनेर ल्याई बनाउँछन्।

पर्वको अन्तिम दिन (कात्तिक पूर्णिमा) मा दाजुभाइका हातबाट ती आकृति घुँडामा राखेर फुटाउन लगाएर जोतिएको खेत वा निर्जन वनमा गाडेर पर्व समापन गरिन्छ। पर्व समापनसँगै दिदीबहिनीले दाजुभाइलाई मिष्ठान्न परिकार खुवाउँछन्।

यसैगरी दाजुभाइले गच्छेअनुसार दिदीबहिनीलाई वस्त्र र नगद दक्षिणा दिने चलन छ । दाजुभाइ दिदीबहिनीप्रति यस्तो प्रेम दर्शाउने यो पर्व द्वापर युगदेखि सुरु भएको विश्वास गरिन्छ।

द्वापरयुगमा श्रीकृष्णकी छोरी सामाले चक्रधर (चकेवा) सँग प्रेम सम्बन्ध राखेको कुरा एउटा कुरौटे (चुगला)ले कृष्णलाई भन्दा छोरी स्वच्छन्द प्रवृत्तिकी भई भन्ने रिसमा दुवै (सामा र चकेवा) लाई चरा हुने श्राप दिएको पौराणिक कथाको प्रसङ्ग यो पर्वको परिवेश रहेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका प्राचार्य हेमनारायण कर्णले जानकारी दिनुभयो।

कृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चकेवाको मुक्तिका लागि कृष्ण पुत्र साम्बले शिवजीको तपस्या गरेर पिता रिझाउनसक्ने वरदान पाएर कृष्णसँग गरेको याचनाबाट उनीहरु श्रापमुक्त भई पूर्वयोनीमा आएर विवाह गर्न पाएका पौराणिक वर्णन पाइन्छ। दाजु साम्बको त्यही गुनलाई सम्झँदै सामाले गाएकी गीतको यादमा दाजुभाइप्रति कृतज्ञता जनाउन सामाचकेवा पर्वको परम्परा बसेको कर्णको भनाइ छ। रासस

# जातीय विभेद अन्त्यको 'रोडम्याप' का विषयमा थाइल्यान्डमा छलफल



काठमाण्डु । थाइल्याण्डको राजधानी बैंककमा जारी एशिया प्यासिफिक सोसल फोरममा एशिया प्यासिफिक क्षेत्रमा विद्यमान जातीय विभेद अन्त्यको रोडम्यापसम्बन्धी छलफल भएको छ। दलित गैरसरकारी संस्था महसङ्घ (डिएनएफ), वर्ल्ड डिग्निटि फोरम र नेपाल र भारतका सङ्घ संस्थाको संयुक्त आयोजनामा सो छलफल भएको हो।

छलफलमा संयुक्त राज्य अमेरिकाका लागि पूर्व नेपाली राजदूत तथा वर्ल्ड सोसल फोरमका अन्तरराष्ट्रिय सदस्य डा अर्जुन कार्कीले जातीय विभेद् असमानताको मुख्य कारण भएको वनाउँदै सूचना प्रविधिको क्रान्तिको समयमा पनि यस्ता विभेद हुनु दुखद् भएको बताउनुभयो।

वर्ल्ड डिग्निटि फोरमका संस्थापक तथा भारतीय दलित नेता अशोक भारतीले जातीय विभेदको मुद्दा विश्वव्यापी भएको बताउँदै यसको अन्त्यका लागि विश्वव्यापी रूपमा सङ्घर्ष गर्नुपर्ने बताउनुभयो । गैरसरकारी संस्था महासङ्घका अध्यक्ष अर्जुन भट्टराइले जातीय विभेद राजनीतिक मुद्दा भएको बताउँदै यसको अन्त्यका लागि संवैधानिक र कानुनी प्रावधान कार्यान्वयन गरि नुपर्ने बताउनुभयो । यसैगरी अन्तर ाष्ट्रिय दलित ऐक्यबद्धता सञ्जाल (आइडिएसएन) अध्यक्ष रेणु सिजापतिले जातीय विभेदले दलित महिलालाई झन ठूलो असर परेको बताउँदै यसको अन्त्यका लागि कानुनी सुधार गर्दै शिक्षामा लगानी गर्नुपर्ने वताउनुभयो।

दलित लाइभ म्याटरका अध्यक्ष प्रदीप परियारले जातीय विभेद अन्त्य गर्ने दायित्व सबैको भएको बताउँदै संविधानको कार्यान्वयन, धार्मिक सुधार, आर्थिक न्याय र डिजिटल क्याम्पेनमा काम गर्नुपर्ने बताउनुभएको सम्मेलनमा सहभागी सुशील विकेले जानकारी दिनुभयो।रासस



## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
### जनकपुरधाम, धनुषा
## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२।०७।१९

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) |
|---|---|---|---|---|
| 1. | 26/09/2025 | MIHS/WORKS/NCB/2082-083/2.,The Construction Of Ortho Ward Extension Work | Google Consultancy And Construction, Janakpurdham-19, Pipradi Dhanusha | 3301598.95 |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कोष संस्कृति संरक्षणमा

मिथिलाको भाषा, कला, संस्कृति, लोक परम्पराको संरक्षणमा मैथिली विकास कोष निरन्तर सक्रियता बढाएको छ। मैथिली कला, भाषा, संस्कृति अत्यन्त समृद्ध भए पनि संरक्षण नहुँदा पछाडि पर्न थालेको थियो । त्यसको संरक्षणका लागि लामो समयदेखि आवाज उठ्दै आए पनि ठोस पहल हुन सकेको थिएन । मिथिलामा भाषणमुखी र कमजोरी औल्याउने प्रवृत्ति पनि पुरानो नै हो। समस्या देखाउने तर समाधानका लागि पहल नगर्ने मिथिला क्षेत्रको रोगले भाषा, कला, संस्कृति पछाडि परेको हो । प्राचीन परम्परा, कला, भाषा, संस्कृति, धर्मको संरक्षण गर्नु समान्य विषय होइन। यसका लागि समूहगत रुपमा निरन्तर प्रयास गर्नु पर्छ । आधुनिकताको क्रममा पारम्परिक सम्पदाहरुको उपेक्षा भइरहेको बेला संरक्षणका लागि ठोस रुपमा पहल आवश्यक छ। मैथिली विकास कोषले चलाएको अभियानलाई हरेक पक्षबाट सकारात्मक सहयोग हुनु आवश्यक छ। केही वर्षदेखि कोषले मिथिलाको लोक संस्कृतिको अभिन्न अंग रहेको सामाचकेवाको संरक्षण र प्रवर्द्धनका लागि अभियान चलाउँदै आएको छ। सामाचकेवा दाजुभाई दिदीबहिनीबीचको प्रगाढ सम्बन्धको प्रतीक हो। सामा चकेवाको धार्मिक महत्वका साथै सांस्कृतिक महत्व पनि हो । त्यसमा मिथिलाको कला पनि छ । सामा चकेवाले समाजमा रहेको विकृतिलाई पनि झल्काउछ । चुगला(चम्चा)को काम र त्यसको प्रतिकार गर्ने पनि सामाचकेवाले सन्देश दिएको छ । चाप्लुसी गर्ने प्रवृत्ति आधुनिक होइन। सामा चकेवालाई संरक्षण गर्न कोषले थालेको अभियान अत्यन्त सकारात्मक र प्रशंसनीय छ। मैथिली कला, संस्कृति, भाषा, साहित्यलगायतको क्षेत्रमा कार्य गर्ने सयौं संघसंस्थाहरु छन् । तर कागजमा योजना बनाएर दातृनिकाय अथवा सरकारी निकायबाट बजेट लिने मात्र गरेको देखिन्छ। मिथिलाको विकासका लागि भाषा, कला, संस्कृतिको संरक्षण आवश्यक छ । मैथिली विकास कोषले गरेको प्रयास जस्तै अन्य संघसंस्थाहरुले पनि सकारात्मक प्रयास गर्न जरुरी छ । भाषणमा आलोचना गर्ने, कमीकमजोरी देखाउने प्रवृत्तिले मात्र मिथिलाको कला, संस्कृतिको संरक्षण सम्भव छैन। मिथिलाको भाषा, कला र संस्कृति समृद्ध भए पनि कयौं लोप भइसकेको र कयौं लोपोन्मुख अवस्थामा पुगिसकेको छ । छठको खरना अर्थात पञ्चमीदेखि कार्तिक पूर्णिमासम्म खेल्ने सामाचकेवाप्रति आकर्षण र सहभागिता बढाउन प्रतिस्पर्धात्मक कार्यक्रमहरुको आयोजना गरेर कोषले मिथिला कला र संस्कृतिको संरक्षणमा लाग्न सन्देश दिएको छ। मिथिला कला र संस्कृतिको क्षेत्रमा कार्यरत अन्य संस्थाहरुले पनि कोषको कार्यशैलीलाई अनुशरण गर्नु पर्छ । कोषका अध्यक्ष जीवनाथ चौधरीलगायतका पदाधिकारीहरुले निरन्तर कोषको गतिविधिमा सक्रियता देखाएका छन् । यसले मैथिली विकास कोषको समर्पणलाई प्रमाणित गरेको छ। कोषको आफ्नै आधुनिक सुविधा सम्पन्न भवन निर्माणपछि मैथिली अनुरागीहरुलाई जागरुक बनाएको छ।

# लोक लयमा मृणशिल्पः सामा–चकेवा



एससी सुमन

उदाउँदो सूर्यलाई अर्घ दिई लोक पर्व छैठ सकिन्छ। यसैसँग शरद ऋतुको आगमनले हिमालयमा चिसो बढ्दै गएपछि रङ्गी-बिरङ्गी चराचुरुङ्गी मिथलाञ्चलतिर प्रस्थान गर्छन् जसलाई लोक पर्व सामा-चकेवामा पनि उल्लेख गरिएको छ। यिनै हुन् सामा र चकेवाका प्रतिनिधि पात्र । कार्तिक मासको शुक्लपक्ष आउँदा दिनदिनै बढ्दै गएको जूनसँगै म मेरो बाल्यकालमा फर्कन्छु । सिरहा जिल्लाको लहानमा बितेको मेरो वाल्यकाल । सोमबार र शुक्रबार लाग्ने साप्ताहिक हाटमा मृणशिल्पले ओगटेको ठूलो भाग आज पनि रोमान्चित गर्छ । लोक पर्वका सामा-चकेवाको प्रयोजनका लागि चाहिने रङ्गीचङ्गी माटोको मूर्तिले भरिभराउ हाट बजार । माटो मेरो बाल्यकालदेखि नै प्रिय वस्तु रहेको छ । हुन पनि हो, भनिन्छ पहिलो पटक बच्चा बामे सर्न थालेपछि बालकले आफ्नो हातले टिपेर मुखमा हाल्ने वस्तु माटो नै हो । मेरो चालीस वर्षको कलायात्राको श्रीगणेश मृणशिल्पबाट भएको हो भनी भन्न सकिन्छ । मेरो कलायात्राको पहिलो गुरु मेरो हजुरआमा हुनुहुन्थ्यो भने दोस्रो गुरु स्वर्गीय श्याम पण्डित हुनुहुन्थ्यो । वाल्यकाल र मेरो लहानको सम्झना आज पनि ताजै छ। छैठ सकिने बित्तिकै सामा खेल्ने शुरु भैहाल्थ्यो ।

सामा दिदीबहिनीद्वारा दाजुभाइको दीर्घ जीवन र समृद्धिको कामना गरी मनाइने पर्व भए पनि यसलाई सामा खेल्नु भनिन्छ जसमा मृणशिल्प तथा लोकगीत गायनको विशेष समागम हुने गर्दछ । मिथिलाको मृणशिल्प उसको शैलीगत आकार, अलङ्कारिक सतह सज्जा चहकिलो हुने गर्दछ, आकर्षक हुने गर्दछ। यहाँ अधिकांशः हात्ती, घोड़ा, गोरु, बाघ, चराचुरुङ्गीजस्ता आकृति बनाइन्छ । विशेषतः पशु-पन्छी आकृतिका, खिलौना मात्र होइन कुनै अलौकिक ऊर्जाले परिपूर्ण मिथकीय जीव प्रतीत हुने गछ्न् ।ं भाइ-बहिनीको प्रेमको प्रतीक पर्व 'सामा-चकेवा' मा बनाइने मूर्ति घरघरमा दिदीबहिनीहरूले बनाउने गर्छन् । यी मूर्तिहरू काँचो माटोले बनाइन्छन् । भूमि चित्र र भित्ती चित्रको बारेमा प्रत्येक चेलीबेटीले जान्नुपर्ने अनिवार्यता रहेझैं गायन र मूर्तिकलाको पनि जानकारी हुनु जरुरी मानिन्छ । मिथिला कला पुस्ता दर पुस्ता हस्तान्तरण हुँदै आज जीवन्त परम्पराको रूपमा रहेको छ । यहाँ नवपुस्तालाई पहिलोपल्ट वसन्त पञ्चमी यानी सरस्वती पूजाको दिनदेखि अक्षर ज्ञानको प्रारम्भ गराइन्छ भने चित्रकला शिक्षाको ज्ञान तुसारी पूजा यानी माघे सक्रान्तीको दिनदेखि सिकाइन्छ । यसरी नै मूर्तिकला तथा गायनकलाको ज्ञान सामा-चकेवा पर्वदेखि दिन थालिन्छ । यसप्रकार, नवपुस्ताले कलाभित्रको शिल्प र सौन्दर्य आफ्नो जेठो पुस्ताबाट सिक्ने गर्दछ्न् । तसर्थ मिथिला कला-संस्कृतिको वैभवभूमि रहेको छ।

कार्तिक महिनाको शुक्ल पक्ष पञ्चमी तिथिदेखि पूर्णिमासम्म सामा-चकेवा पर्व मनाइने भएता पनि यसको प्रारम्भ द्वितीया तिथिदेखि नै मान्न सकिन्छ । द्वितीया तिथिमा महिलाहरूले एकाबिहानै समूहमा भेला भई गोवर्धन पूजा गरी हस्त निर्मित एक किसिमको गोबरको भाँडोमा केराउको दाना (बजरी) राखी गोधन कुट्ने गर्दछन् र भाइलाई खुवाउन बजरी सङ्गह गर्ने समेत गर्दछन् । उनीहरू गोधन कुटेपछि सामा र छठको गीत गाउँदै बाँसको टोकरी र खुर्पा लिई पवित्र ठाउँको माटो लिएर घर फर्कन्छन् । सो माटोले छठ-खरनाको लागि चोखो पानी मिसाएर चुल्हो र सामा बनाउने गर्छन् । विधिवत रूपले सामा-चकेवाको मुर्तिहरू खरनाकै दिन बनाउन शुरु गरिन्छ। मूर्तिहरू बनाउन माटो, बाँसको कप्टेरो, सन (जूट), जौ, कौडी, सिक्की र करजन्नी चाहिन्छ। करजन्नी एक प्रकारको लहराबाट प्राप्त हुने फल हो जसको माथिको भाग कालो र बाँकी भाग रातो हुन्छ। यसमा विभिन्न नामका पात्रहरूको प्रतीकात्मक मूर्तिहरू हुन्छन् । जस्तैः सामा, चकेवा, बृन्दावन, चुगिला, सतभैया, भैया बटतकनी, मयुर, वनतितिर, खरलिच, झाँझी कुकूर, मलिनिया, ढोलकीया, बजनीयाँ लड्डु बेचनी, कहरिया, भरिया, चुगिलाको स्वास्नी आदि ।

आजको यस आधुनिक युगमा तीब्रतर विकासका बावजूद पौराणिक एवं लोकोक्तिमा आधारित परम्परा आज पनि विभिन्न समुदाय र क्षेत्रमा कायम देखिन्छ। त्यसैले होला द्वापर युगदेखि चली आएको सामा-चकेवा पर्व प्राचीन आर्यावर्तको मिथिला, मगध, बैशाली र पाटलीपुत्र आदि राज्यहरु अर्थात आधुनिक कालमा नेपालको तराई-मधेश, भारतको विहार, झारखण्ड र उत्तर प्रदेशको केही भूभागमा संस्कृतीको रुपमा मनाइने गरिन्छ । नेपालमा मनाइने विभिन्न धार्मिक तथा आध्यात्मिक सांस्कृतिक पर्वमध्ये अत्यन्त लोकप्रिय पर्व 'सामा-चकेवा' हर्सोल्लास र लोकाचारका साथमा मनाईने एउटा विशेष लोक पर्व हो । यो पर्व पूर्वी नेपालका थारु जनजातिले



पनि विशेष उत्साहका साथ मनाउने गर्दछन् । यो पर्व कार्तिक महिनामा केवल हिन्दू समुदायका महिलाहरुद्वारा मनाइने गरिन्छ।

कलाकार विजयदत्त मणिका अनुसार दाजुभाइ-दिदीबहिनीकोप्रेमको प्रतीक यो पर्व पद्म पुराण, साम्ब पुराणजस्ता आदि ग्रन्थहरूमा सामा-चकेवाको सम्बन्धमा धेरैजसो कुरा वर्णन गरिएको भए तापनि यहाँ स्कन्द पुराणमा उल्लेख भए अनुसार संक्षिप्त कथा उल्लेख गरिएको छ। कथा यसप्रकार छ- द्वापर युगमा भगवान कृष्णको दुइटा सन्तान छोरा साम्ब र छोरी सामा (श्यामा) हुन्छन्। सामा तरुनी भइसकेपछि ऋषिको रूपमा रहेका चकेवा (चारुवक्य) सँग प्रेम गर्ने गर्छिन् र उनीसँग भेट्न बृन्दावनमा जाने गर्छिन् । यो कुरा थाहा पाएपछि चुगिला (चुडक) भन्ने एक खलपात्रले सामाको बुबा कृष्णसङ्ग कुरा लगाउँछ र कृष्णले छोरीलाई बोलाई रिसको झोँकमा तिमी आजदेखि चरा होऊ भन्ने श्राप दिन्छन् । त्यही दिनदेखि सामा चराको योनीमा प्रवेश गर्छिन् र वनजङ्गल भौंतारिन थाल्छिन् । यो कुरा चकेवाले थाहा पाएपछि सामाको प्रेममा व्याकुल हुन जान्छ । सामासँग भेट्न ऊ पनि आफ्नो शक्तिद्वारा चराको रुप धारण गर्छ र सामाको खोजिमा वनजङ्गल चहार्न थाल्छ। बहिनी सामालाई यस्तो कठोर सजाय नदिनु भनी भाइ शाम्बले बुबासँग लाख याचना गरे पनि केही सिप नलागेपछि शाम्ब प्रतिज्ञा गर्छन् जबसम्म बहिनी सामालाई चरा योनीबाट उद्धार हुँदैन तबसम्म म पनि घर फर्किन्नँ । यसपछि शाम्ब कठोर तपस्या गर्न थाल्छन् । उनको तपस्याबाट प्रसन्न भई भगवान कृष्ण सामालाई श्राप मुक्त गरिदिन्छन् । यसरी भाइको अथक प्रयास र साधनाको प्रभावले बहिनी सामा मानव योनीमा फर्किन्छे । त्यसपछि सामा पुनः पति रूपमा स्वीकार गरिसकेका प्रेमी चकेवासँग बृन्दावनमा भेट्न जाँदा बृन्दावन जानुअघि नै इर्ष्यालु चुगिलाले बृन्दावनमा आगो लगाइदिन्छ । भाइ शाम्बले यो कुरा थाहा पाएर बृन्दावनको आगो निभाउँछन् र चुगिलालाई समातेर सामा कहाँ ल्याउँछन् । यसपछि सामाले कुरा लगाउने चुगिलालाई गाली बेइज्जती गरी अगुल्टोले मुख, जुँगा पोलिदिन्छिन् । त्यसपछि सामासँग चकेवाको विहे हुन्छ र विदाइ गरिन्छ।

यसरी खरनाको दिन सम्पूर्ण मूर्ति बनाउन सम्भव नभए तापनि खासगरी सामा, चकेवा, बृन्दावन र चुगिला बनाउन अनिवार्य हुन्छ । एघार दिनसम्म मनाउँदै गरिरहने क्रममा सम्पूर्ण मूर्ति पात्र र यससँग सम्बन्धित सामग्रीहरू जस्तैः घरायसी सामान, भाँडाकुँडा, पौती-पेटारी इत्यादि माटाकै बनाउनुपर्छ। यी सबै मुर्तिहरूलाई लहरै सजाएर एउटा टुकी बाली बाँसको डालामा राखिन्छ। विहे भएका चेलीबेटीहरू प्रायः माइतमा आएर नै सामा पर्व खेल्ने गर्छन् । यो रातको समयमा खुल्ला आँगन, खलिहान, चोक एवम् चौतारीमा खेलिन्छ। सामालाई घरभित्र राख्न वर्जित हुन्छ । सामालाई देउताको रूपमा मानिने चलन भएकोले आँनको पवित्र ठाउँमा राखिन्छ । राति खाना खाइसकेपछि दिदी-बहिनीहरू आ-आफ्नो घरबाट टाउकोमा डाला राखी गीत गाउँदै बाहिर निस्कने गर्छन् । गीत बिनाको सामा खेल्न असम्भव भएकोले एक ठाउँमा भेला भई सामूहिक स्वरमा दाजुभाइको आरोग्य, ऐश्वर्य र प्रशंसाभाव मिश्रित भएका अनेक मौलिक गीतहरू गाइन्छ। यसमा गाइने गीतहरूको क्रम विधिगत तरिकाले हुन्छ । सबभन्दा पहिले घर-देउताको अराधना, वन्दना गीत, त्यसपछि दाजुभाइको दीर्घायु कामनाको गीत, त्यसपछि बृन्दावन डढाउने र निभाउने गीत र त्यसपछि चुगिलाको जुँगा पोली कालो मोसो दल्ने, गाली गर्ने गीत एवम् हाँसपरिहासका गीतहरू गाइन्छ । खेलको अन्त्यमा बहिनीहरू वृत्ताकार बसेर आफ्नो डाला अर्कोलाई र अर्काको डाला आफूले गीत गाउँदै घुमाउने गर्छन् जसलाई डालाफेर भनिन्छ।

खेलिसकेपछि सामालाई नयाँ धान र दूबो खाना खुवाई शीत पान गर्न आँनमा राखिन्छ । दाजुभाइ नभएका दिदीबहिनीहरू सामाको बेला उदास हुन्छन् र भाइको लागि देउताहरूसँग प्रार्थना गर्ने गर्छन् । सामालाई छोरीको रूपमा हेरिने भएकोले विसर्जन (भसान) हुनुभन्दा पाँच दिन पहिलेदेखि विदाइ गीत गाइन्छ । विसर्जनको दिन आँनमा अरिपन बनाई सजाएर राखिन्छ । दहीचिउरा (नवान्न), सक्खरको भोग लगाइन्छ र सामाका जुठो प्रसादको रूपमा खाने गरिन्छ । अनि दिदीबहिनीले दाजुभाइको गमछामा पाँच मुट्ठी चिउरा र भुसवा राखिदिन्छन् जसलाई फाँर भर्नु भनिन्छ।

दाजुभाइलाई अरिपनले सजिएको पिर्कामा बसाई मुख्य मूर्ति सामालाई खोइँछ भरिन्छ र मुख्य सामा बाहेक अन्य सबै मूर्तिलाई घुँडामा राखेर फोड्न लगाइन्छ। त्यस बापत दाजुभाइले इनाम बख्सिसको रूपमा दिदीबहिनीलाई यथाशक्य लुगा, गहना र नगद दिने गर्दछन्। अनि दिदीबहिनीले गोवर्द्धन पूजाको दिन सङ्गह गरेको केराउको दाना (बजरी) आफ्नो हातले खुवाई तिम्रो काया (जिउ) बज्रजस्तो होस्, निरोगी होस् भनी आशीर्वाद दिने गर्छन् । यो कार्य सम्पन्न भएपछि चुँडिएका सम्पूर्ण सामाकृतिलाई सजिएको डालामा राखी भसान गर्न अर्थात् सेलाउनका लागि लगिन्छ। भसान गर्ने दृश्य आनन्द र रमिताले भरिएको हुन्छ । पूर्णिमाको उज्यालो रातमा अगाडि-पछाडि भाइहरूको जमात रक्षकका रूपमा र दिदीबहिनीहरू समूहको बीचमा ठूलो स्वरमा बाजागाजाका साथ वियोगान्त र बटगमनी गीत गाउँदै बाटो हिँड्दै जान्छन । यो साल कुन दिशामा भसान गर्ने भनी मुहूर्त पात्रोले निर्धारण गरेको हुन्छ । त्यही दिशामा गई भसान गर्ने ठाउँको चारैतिर सबैले चार-चारवटा मशाल गाडिदिने गर्छन् । जोतेको (कुँड) खेत वा खोलाको किनारमा सेलाइन्छ र हे सामा ! अगामी साल फेरि फर्की आउनू भन्दै सबै ललनाहरू उदास मन लिएर आ-आफ्नो घर फर्कन्छन्।

सामाका समस्त पात्रहरू सामाजिक परिवेशसँग गाँसिएका हुन्छन् । गीत गाउँदा बहिनीको ठाउँमा आफ्नी बहिनीको, भाइको ठाउँमा आफ्नो भाइको र चुगिलाको ठाउँमा सोल्टाको नाउँ लिई गीत गाइन्छ । बहिनीलाई अप्ठ्यारो समय परेको बेला विपदबाट मुक्ति दिलाउन भाइ जेसुकै गर्न पनि तयार हुन्छन् भनी सन्देश दिने गरिन्छ । भाइको वीरता, उदारता र बहिनीप्रतिको निःस्वार्थ प्रेम एवम् सम्बन्धमा प्रगाढता देखाइएको छ । अर्को अर्थमा हेर्ने हो भने परम्परागत संकीर्ण भावनालाई परिवर्तन गरी स्वतन्त्रता दिनेतर्फउन्मुख गराइएको देखिन्छ । सामाजिक परिबन्धका कारण महिलाले स्वतन्त्र रूपमा खुलेर आफ्नो विचार राख्न नपाउने, आफ्नो स्वेच्छाले आफ्नो जीवनप्रतिको निर्णय गर्न नपाउनेजस्ता महिला हिंसाका कुराहरूलाई यसमा प्रतिकार गरिएको हुन्छ। समाजमा असल विचार भएको मानिसलाई आदर, प्रशंसा र कुविचार भएकोलाई गाली र घृणा गर्ने गरिन्छ भन्ने कुरा छर्लङ्ग हुन्छ । सामालाई छोरीको रूपमा हेरिने भएकोले उनलाई अत्यन्त कोमल र आदरका शब्द भावहरू गीतहरूमा व्यक्त गरिएको हुन्छ । एकदिन पनि नबिराइकन एघार दिनसम्म अखण्ड रूपमा प्रत्येक रात सामा खेलिने गरिन्छ । एकदिन पनि बिराउनुको अर्थ सामा उपवास (भोकै) बस्नु हो भनिन्छ। त्यसकारण प्रत्येक दिन सामा खेली सकेपछि मूर्तिहरूलाई धान र शीतको थोपा खुवाइन्छ। सामा विदाइ हुँदा छोरीको विदाइमा ससुराली जाँदा माइतीबाट दिइने आवश्यक घरायसी सामग्री खाट, ओछ्यान, बिछ्यौना, लत्ताकपडा, गरगहना, भाँडाकुँडा, दराज, बाकस, पौती, पेटारी लागायत सबै वस्तु माटाकै बनाई त्यसमा खाद्यान्न वस्तु (चामल, दाल, पिठो, चिउरा, गेडागुडी तथा तरकारी) समेत दिई इज्जतसाथ विदाइ गरिन्छ। सामा चकेवा खेलभित्र एउटा वृहत् सामाजिक परिवेश रहेको हुन्छ। यसमा भाइबहिनी लगायत सालो, भेनाजु, पति, पत्नी सखी-सहेली, भरिया कहरिया, ढोलिया, बजनीया, मलिनिया लड्डु बेच्ने आदि पात्रहरू हुन्छन्।

सामा चकेवामा कला पक्षको अद्भुत र विलक्षण सङ्गम रहेको पाइन्छ । यो मौलिक रूपमा मनाइँदै आइरहेको सामा चकेवा पर्वलाई आधुनिकताले कुनै असर गरेको पाइँदैन। यसमा गाइने गीत र मूर्तिकला सीप सिक्न प्रशिक्षणको आवश्यकता हुँदैन।

यो एक पुस्ताबाट अर्को पुस्तामा सहजै हस्तान्तरण हुँदै जान्छ। सामा गीतहरूको लय, धुन आफ्नै कसिमको हुन्छ । यो गीत अन्य समयमा नगाइकन केवल सामा पर्वकै बेलामा गाइन्छ। यसमा प्रयोग हुने सम्पूर्ण कला सामग्री प्राकृतिक र कम खर्चिलो हुन्छ, जुन आफ्नो वरिपरिका वातावरणबाट सहजै उपलब्ध गर्न सकिन्छ । सामाका मूर्तिहरूको स्वरूप संरचना अनौठो किसिमको प्राचीन कला हो। माटो मुछिमुछि बनाइने यी मूर्तिहरूको जिउ हुँदैन । पिर्का बनाई मूर्तिका घाँटी टाँसिएर अनुहार बनाइएको हुन्छ। आँखा, नाक, मुख र कानको बनावट आफ्नै किसिमका हुन्छन् ।मुर्तिहरूलाई मुकुट पनि लगाइएको हुन्छ । मुकुट सिँगार्न जौका दानाहरू टाँसिंएको हुन्छ। मुख्य मूर्तिहरूको कपाल जुटले, मुख र ओठ कौडीले, आँखाको नानी करजन्नीले बनेको हुन्छ । सबै मूर्ति एकैनासको देखिएकोले लिङ्ग भेद छुट्याउन पुरुष पात्रलाई जुँगा र पगडी बनाइदिने गरिन्छ। भाइ प्रतीक भएका मूर्तिहरूलाई माटाकै छाता बनाएर ओढाइन्छ। बृन्दावन भनेको एक किसिमको जङ्गल हो तर यसलाई मानवीयकरण गरिएको हुन्छ र यसको टाउकोमा एक मुठ्ठो सिक्की ( एक किसिमको घाँस) घुसारेको हुन्छ। स्मरणीय के रहेछ भने सामाका प्रायः पात्रहरूको आकृति चराको स्वरूपको हुन्छ। पात्र र शैली एउटै भए तापनि गाउँ, ठाउँ, जात र व्यक्तिपिच्छे यसको आकारप्रकार फरक हुन जान्छ । सामाका मूर्तिलाई रङरोगन गर्न र अरिपन बनाउन पिठारको प्रयोग गरिन्छ। प्रायः रातो रङको लागि गेउर रङ्ग (एक किसिमको माटो) को प्रयोग गरिन्छ।

# स्वच्छ ऊर्जा क्षेत्रको उपलब्धि र अबको बाटो



नवराज ढकाल

नेपालमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाका स्रोत र प्रविधिहरुलाई प्रवद्र्धन गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने घरपरिवारको जीवनस्तरमा सुधार ल्याउने र परम्परागत ऊर्जामाथिको निर्भरतालाई कम गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५३ साल कात्तिक १८ गते वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रको स्थापना भएको हो । वैकल्पिक ऊर्जा विकास समिति (गठन), आदेश २०५३ को सातौँ संशोधनबाट केन्द्रको काम, कर्तव्य र अधिकारमा तीनवटा कार्य क्षेत्र थप भएका छन् ।

यसअन्तर्गत नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तरराष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त स्रोतसाधनका आधारमा तयार गरिने वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरु प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने, नवीकरणीय ऊर्जासम्बन्धी जलवायु परिवर्तन तथा कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा ऊर्जा दक्षतासम्बन्धी कार्यहरु गर्ने रहेका छन् । हाल ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहेको यस केन्द्रले स्थापनाकालदेखि नै यस क्षेत्रमा सरकारको प्रमुख निकायका रुपमा नेपाल सरकार तथा विभिन्न विकास साझेदारहरुको सहयोग तथा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संस्थासँगको सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै स्वच्छ ऊर्जामा सर्वसाधारण जनताको पहुँच बढाउन र ऊर्जा दक्षताको अवलम्बन गर्न आर्थिक तथा प्राविधिक सहयोग परिचालन गर्दै आइरहेको छ।

केन्द्रको स्थापनाकालदेखि आव २०८१/८२ को अन्त्यसम्मको भौतिक प्रगति विवरणलाई हेर्दा केन्द्रको सहयोगमा ४० हजार ६५५ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, ११ हजार १०४ सुधारिएको पानीघट्ट जडान, १० लाख ७८९ घरेलु सौर्य विद्युत् प्रणाली, चार हजार ५४० संस्थागत सौर्य विद्युत् प्रणाली, तीन हजार ४७५ किलोवाट पिक सौर्य मिनिग्रिड, सौर्य वायु मिनिग्रिड जडान, ३० हजार ९३९ किलोवाट पिक सौर्य रुफटप, दुई हजार ४६४ सौर्य ड्रायर तथा कुकर जडान, चार हजार २८० सौर्य खानेपानी तथा सिँचाइ पम्प, एक लाख ५६ हजार ५३१ फलामे सुधारिएको चुलो, ३३ वटा संस्थागत ग्यासिफायर, ८२ हजार ४८५ विद्युतीय चुलो, चार लाख ५६ हजार ७६६ घरायसी बायोग्यास, १४ लाख २३ हजार २४२ सुधारिएको माटोको चुलो, ३७८ संस्थागत, सहरी तथा व्यावसायिक बायोग्यास, १७६६ ऊर्जाको उत्पादनमूलक परिप्रयोग, तीन हजार ३०९ सौर्य सडक बत्ती र चार हजार ८६५ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान सम्पन्न भएका छन् ।

आव २०८१/८२ मा मात्र केन्द्रको सहयोगमा ४०२ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, चार हजार १४२ घरेलु सौर्य प्रणाली, ३७८ किलोवाट पिक सौर्य मिनीगिड आयोजना, १२ हजार ६८६ सौर्य रुफटप प्रणाली, १०७ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान, ५८९ सौर्य खानेपानी तथा सिँचाइ परियोजना, २०८ संस्थागत सौर्य विद्युत् प्रणाली, २३ हजार १०० विद्युतीय चुलो, २४ हजार ३२० फलामे सुधारिएको चुलो, चार हजार ३८६ घरायसी बायोग्यास प्लान्ट र नौ वटा ठूला क्षमताका बायोग्यास परियोजना सम्पन्न भएका छन् ।

यसैगरी नवीकरणीय ऊर्जा प्रविधिका प्रवद्र्धनमार्फत एक लाख २६ हजार ९१४ मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारमार्फत छ लाख ६० हजार अमेरिकी डलर (करिब नौ करोड २४ लाख) आम्दानी भएको छ । स्वच्छ विकास संयन्त्रअन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कुल ६६ लाख ८० हजार मेट्रिक टन कार्बन उत्सर्जन घटाई कार्बन व्यापार मार्फत करीब ३६.०११ मिलियन अमेरिकी डलर (करीब पाँच अर्ब चार करोड) आम्दानी भइसकेको छभने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित भएको छ। साथै, नवीकरणीय ऊर्जासम्बन्धी विभिन्न अध्ययन, अनुसन्धान तथा विकास, प्रदेश सरकार र स्थानीय तहको क्षमता अभिवृद्धिसम्बन्धी क्रियाकलापहरुलगायतका क्रियाकलापहरु समेत गत आर्थिक वर्षमा सम्पन्न भएका छन् ।

हरित जलवायु कोषको सहयोगमा तराईका २२ जिल्लाका १५० स्थानीय तहमा खाना पकाउने स्वच्छ ऊर्जासम्बन्धी कार्यक्रम कार्यान्वयन भइरहेको छ, यसअन्तर्गत पाँच वर्षभित्र पाँच लाख विद्युतीय चुलो, चार लाख ९० हजार सुधारिएको चुलो र १० हजार घरायसी बायोग्यास प्लान्ट जडान गर्ने लक्ष्य रहेको छ जसबाट १० लाख घरधुरी लाभान्वित हुने छन् । त्यसैगरी हरित जलवायु कोषसम्बन्धी क्षमता विकास र तयारी (रेडिनेस) कार्यक्रम कार्यान्वयनअन्तर्गत सम्बन्धित सरोकारवालाहरुलाई लक्षित गरी तयार गरिएको क्षमता अभिवृद्धिका क्रियाकलापहरु सम्पन्न गरिएको छ।

केन्द्रले हालसम्म देशको समग्रमा करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुऱ्याएको छ। कुल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब ८.५ प्रतिशत रहेको छ। विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ। नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरु क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ।

केन्द्रले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम, दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग (अफग्रिड कम्पोनेन्ट) कार्यक्रम, ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रम, मिनिग्रिड ऊर्जा पहुँच कार्यक्रम, ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवद्र्धन कार्यक्रम, आर्थिक विकासका लागि सौर्य ऊर्जा प्रवद्र्धन कार्यक्रम, लघु जलविद्युत् कर्जा कोष, बायोग्यास कर्जा कोषजस्ता कार्यक्रमहरुमा विकास साझेदारहरुसँग सहकार्य गरी सबैलाई आधुनिक ऊर्जाको पहुँच, विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणाली तथा ऊर्जा दक्षता अवलम्बनमार्फत ऊर्जा प्रणालीलाई दिगो, भरपर्दो र उत्थानशील बनाउनाका साथै नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको विकास र विस्तारका लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरी देशको समग्र ऊर्जा रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । केन्द्रअन्तर्गत रहेको केन्द्रीय नवीकरणीय ऊर्जा कोषले केन्द्रको वित्तीय संयन्त्रका रुपमा मिश्रित वित्तको सिद्धान्तमा आधारित रही अनुदान, भायबिलिटी ग्याप फन्डिङ र कर्जा प्रवाह गर्दै आइरहेको छ। कोषअन्तर्गत रहेको दिगो ऊर्जा च्यालेञ्ज फन्डले नवीनतम वित्तीय संयन्त्रका रुपमा निजी क्षेत्रद्वारा विकास गरिने दिगो ऊर्जा परियोजनाहरुमा भायबिलिटी ग्याप फन्डिङ र प्राविधिक सहायता प्रदान गर्दै आएको छ। दिगो ऊर्जा च्यालेञ्ज फन्डअन्तर्गतका परियोजनाहरुमा बेलायत सरकारले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रममार्फत सहयोग पुऱ्याउँदै आइरहेकामा पछिल्लो समयमा जर्मन विकास सहयोग र युरोपियन युनियनको सहयोगमा जिआइजेडद्वारा सञ्चालित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम र केएफडब्लुको सहयोगमा सञ्चालित ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रमले समेत सहयोग प्रदान गर्दै आएकाले यस क्षेत्रलाई थप विस्तार गर्न सघाउ पुगेको छ।

नेपालमा वार्षिक सोलार रेडिएसन प्रतिवर्गमिटर एक हजार ६०० देखि दुई हजार किलोवाट घण्टा रहेको छ। देशको अधिकांश ऊर्जा खपत तापीय ऊर्जा (काठ दाउरा, कोइला, एलपिजी, आयातित इन्धन) मा आधारित छ, जसको प्रयोगले कार्बन उत्सर्जन वृद्धि भई वातावरणीय प्रदूषण निम्त्याइरहेको छ। नेपालको कूल ऊर्जा उपभोगमा ५० प्रतिशत हिस्सा तापीय ऊर्जा रहेको पाइन्छ। सौर्य तापीय ऊर्जा प्रणाली सूर्यबाट प्राप्त तापमा आधारित छ, जसको प्रयोग घरायसी, व्यावसायिक र औद्योगिक स्तरमा गर्न सकिन्छ र यसबाट विद्युत् एवं खनिज इन्धनमाथिको निर्भरतालाई कम गर्न सकिन्छ।

सन् २०४५ सम्म खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत तथा खनिज इन्धनमा आधारित तापीय ऊर्जालाई नवीकरणीय ऊर्जाले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ।

# मलेसिया सरकारलाई वैदेशिक रोजगारसम्बन्धी मापदण्ड स्वीकार गर्न नसकिनेबारे पत्राचार




काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मलेसिया सरकारले नेपाललगायत पाँच देशमा लक्षित 'म्यानपावर' कम्पनीका लागि निर्धारण गरेको १० बुँदे मापदण्ड स्वीकार गर्न असमर्थन रहेकाबारे जानकारी गराएको छ।

मन्त्रालयले मंगलबार परराष्ट्र मन्त्रालयमार्फत मलेसिया सरकारलाई लिखित रूपमा पत्र पठाएर उक्त जानकारी गराएको मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार मलेसियाले वैदेशिक रोजगारका सर्न्दभमा म्यानपावर कम्पनीलाई निर्धारण गरेका १० बुँदे मापदण्ड लागू गर्न असमर्थन रहेको जनाउँदै यस समस्यालाई कूटनीतिक हिसाबले समाधान निकाल्न पत्राचार गरिएको हो।

"मलेसिया सरकारले ल्याएको मापदण्डमा व्यवसायीबाटै विमति आएको छ", प्रवक्ता घिमिरेले भन्नुभयो,"हालको अवस्थामा भएको मापदण्ड स्वीकार गर्न हामी असमर्थ भएको जानकारी पत्र परराष्ट्रसमक्ष बुझाएका छौँ ।"मलेसियाको परराष्ट्र मन्त्रालयले क्वालालम्पुर स्थित नेपाली दूतावासलाई पत्राचार गरेर १० बुँदे मापदण्डबारे जानकारी गराएको थियो । त्यसअनुसार मलेसियाको मानव संसाधन मन्त्रालयले १५ नोभेम्बर २०२५ भित्र म्यानपावर कम्पनीको विवरण पठाउन अनुरोध गरेको छ। यस्ता देशमा नेपालसहित भारत, बङ्गालादेश, पाकिस्तान र म्यानमार छन्। इजाजतपत्र लिएको कम्तीमा पाँच वर्ष भएको, पछिल्लो तीन वर्षमा तीन हजार श्रमिक पठाएको अनुभव र प्रमाण, एजेन्सीहरूले पछिल्ला पाँच वर्षभित्र कम्तीमा तीन देशमा श्रमिक पठाएको हुनुपर्ने, सम्बन्धित निकायबाट तालिम, मूल्याङ्कन, भर्ती र कामदार पठाउनेसम्बन्धी सबै वैध अनुमति प्राप्त गरेको र आफ्नो देशका सम्बन्धित निकायबाट जारी गरिएको सदाचार प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने भनिएको छ।

साथै, म्यानपावर कम्पनी कुनै प्रकारका जबर्जस्ती श्रम, मानव बेचबिखन, श्रम ऐन उल्लङ्घन, जबर्जस्ती असुली जस्ता गलत क्रियाकलापमा संलग्न नरहेको, कम्पनी कम्तीमा १० हजार वर्गफिट क्षेत्रमा स्थायी रूपमा सञ्चालनमा रहेको र पर्याप्त पूर्वाधार भएको, कुनै ठगी वा अन्य आर्थिक आपराधिक क्रियाकलापमा संलग्न नरहेको हुनुपर्ने र अन्तरराष्ट्रिय रोजगारदताबाट प्राप्त सिफारिस पत्र(टेस्टिमोनियल) पेस गर्नुपर्ने मापदण्डमा उल्लेख छ । यस मापदण्डमा वैदेशिक रोजगार व्यवसायीहरूले विमती जनाउदै आएका छन् ।रासस

# मन्त्रिपरिषद् बैठकका निर्णय

काठमाण्डु । सरकारले गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका ४५ जनालाई राज्यका तर्फबाट सहिद घोषणा गरेको छ।

यही कात्तिक १७ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मंगलबार सो जानकारी दिनुभएको हो । सरकारका सम्बन्धित निकाय, छानबिन समिति र सुरक्षा निकाय एवं सरोकावाला पक्षबाट आएका विवरणको अध्ययन तथा विश्लेषणका आधारमा सरकारले उक्त घोषणा गरेको हो । जेनजी आन्दोलनका क्रममा ७६ जनाको मृत्यु भएको थियो।

अन्य मृतकका हकमा थप अध्ययन-अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।



बैठकले स्विट्जरल्यान्डको जेनेभामा आगामी मङ्सिर १ देखि ३ गतेसम्म हुने नेपालको व्यापार नीतिको तेस्रो समीक्षा बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रायका सचिव डा रामप्रसाद घिमिरेलाई स्वीकृति प्रदान गरेको छ। खानेपानी मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य बज्राचार्यलाई थाइल्यान्डको बैङ्कमा हुने उच्चस्तरीय खानेपानी सुरक्षा र अनुकूलनसम्बन्धी सम्मेलनमा आगामी मङ्सिर २२ देखि २६ गतेसम्म सहभागी हुन स्वीकृति दिइएको छ।

नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री खरेलका अनुसार बैठकले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, तराई मधेस समृद्धि कार्यक्रम र स्थानीय पूर्वाधार कार्यक्रम आयोजना समन्वय इकाइका लागि आर्थिक वर्ष २०८२/८३ मा अधिकृतस्तरका १० अस्थायी दरबन्दी स्वीकृत गरेको छ।

यसैगरी बैठकले अर्थ मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन संरचना र दरबन्दी स्वीकृत गरेको भने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत विज्ञापन बोर्डका लागि यस आर्थिक वर्षमा अधिकृतस्तरका आठ अस्थायी दरबन्दी स्वीकृत गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न बैठकले पूर्वस्वीकृति दिएको छ।

बैठकले दक्षिण कोरियाली नागरिक मिजिन लीलाई गैह्रकानुनी रुपमा नेपाल प्रवेश गरेको मितिदेखि निष्कासन गरेको समयसम्म प्रचलित कानुनअनुसार लाग्ने विलम्ब शुल्क र जरिवानाबापतको रकम मिनाहा गरी नेपालबाट प्रस्थान गराउन अनुमति दिएको छ। यसैगरी सर्वोच्च अदालतको आदेशबमोजिम पदममाया गुरुङलाई क्षतिपूर्तिबापत रु छ लाख तीन हजार छ सय उपलब्ध गराउने निर्णय गरिएको छ ।रासस

# हितेन्द्रदेव शाक्यको मुद्दामा कारण देखाउ आदेश

काठमाण्डु । सर्वोच्च अदालतले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हितेन्द्रदेव शाक्यलाई हटाउने निर्णयविरूद्ध दायर भएको रिट निवेदनमा लिखित जवाफ माग गरेको छ।

न्यायाधीश नृपध्वज निरौलाको इजलासले मंगलबार कारण देखाउ आदेश जारी गर्दै सात दिनभित्र लिखित जवाफ माग गरेको छ। अदालतले अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा निष्कर्षमा पुग्न उपयुक्त हुने देखिएकाले सो प्रयोजनार्थ मिति २०८२/०७/२१ गते छलफलको पेसी तोकी सो पेसीमा उपस्थित हुन विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नु ।"

प्राधिकरणका निर्वतमान कार्यकारी निर्देशक शाक्यले सरकारले आफूलाई गैरकानुनी रुपमा पदबाट हटाएको भन्दै




अन्तरिम आदेश दिने वा नदिने भन्ने विषयमा यही कात्तिक २१ गते दुवै पक्षलाई छलफलका लागि बोलाएको छ।

आदेशमा भनिएको छ, "रिट निवेदनमा अन्तरिम आदेशसमेत माग भएतर्फ विचार गर्दा, निवेदक र विपक्षी दुवै पक्ष राखी छलफल गरी आफूलाई पुनर्बहालीको माग सोमबार सर्वोच्चमा रिट निवेदन दायर गर्नुभएको थियो ।अघिल्लो सरकारले चार वर्षको लागि नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो। वर्तमान सरकारले शाक्यलाई सरुवा गरेका थियो ।रासस

# कांग्रेस केन्द्रीय समिति बैठकमा महामन्त्री र सहमहामन्त्रीद्वारा महाधिवेशनका दुई फरक प्रस्ताव पेस

पाटन। नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा महामन्त्री र सहमहामन्त्रीद्वारा महाधिवेशनका दुई फरक प्रस्ताव पेस भएको सहमहामन्त्री बद्री पाण्डेले जानकारी गराउनुभएको छ ।

"महाधिवेशन कार्यतालिका सहमति निर्माण हुन सकेन, महाधिवेशनका विषयमा पार्टीमा दुई खालका मतलाई एउटै हुनेगरी साझा धारणा हुन सकेको छैन, पुस १६ गतेदेखि १७ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने महामन्त्री गगन थापाको प्रस्ताव आएको छ, वैशाख २७ गतेदेखि ३० गतेसम्म गरौं भन्ने सहमहामन्त्री महेन्द्र यादवको अर्को प्रस्ताव आएको छ, एउटै बनाउने प्रयास जारी छ, पुस १६ मा हुने भयो भने तीव्र तयारी आवश्यक छ," सहमहामन्त्री पाण्डेले भन्नुभयो। अधिवेशन, चैत ३० गते जिल्ला अधिवेशन, २०८३ वैशाख १५ गते सात प्रदेश अधिवेशन र २०८३ वैशाख २७ देखि ३० गतेसम्म १५ औं केन्द्रीय महाधिवेशनको प्रस्ताव भएको पाण्डेले जानकारी दिनुभयो।

सहमहामन्त्री पाण्डेले विशेष महाधिवेशन पक्षधरहरूको मागलाई सम्बोधन गर्न पनि पुसमा महाधिवेशन आवश्यक छ भन्ने धारणा राख्दै नियमित महाधिवेशनमा जोड दिइरहेको धारणा राख्नुभयो ।अर्का सहमहामन्त्री किशोरसिंह राठौरले देशका सबै निकाय जलेको बेलामा नेपाली कांग्रेस एक ढिक्का भएर अगाडि बढ्छ भन्ने धारणा राख्नुभयो। उहाँले आफूलाई निर्वाचन पछाडि महाधिवेशन गर्ने कार्यतालिका नै पारित हुन्छ भन्ने विश्वास रहेको बताउनुभयो।



बैठकमा महामन्त्री गगनकुमार थापाले गर्नुभएको प्रस्तावअनुसार मङ्सिर २७ गते वडा अधिवेशन, पुस ५ र ६ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र पुस १६ देखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन गर्नेगरी कार्यतालिका पेस भएको छ।

यस्तै सहमहामन्त्री महेन्द्र यादवले पेस गरेको कार्यतालिकाअनुसार २०८२ चैत १ गते वडा अधिवेशन, चैत ५ गते पालिका अधिवेशन, चैत १२ गते प्रदेश क्षेत्रीय अधिवेशन, चैत २० गते सङ्घीय प्रतिनिधिसभा क्षेत्रीय

केन्द्रीय सदस्य नैनसिंह महरले पार्टीले सबै विचारलाई सम्बोधन गर्दै देशको नेतृत्व गरेर सबै पार्टीलाई विश्वस्त हुनसक्ने वातावरण तयार पार्नुपर्ने बताउनुभयो। उहाँले विधानअनुसार विशेष महाधिवेशन पनि वैधानिक हो भन्दै विधानले व्यवस्था गरेअनुसार लोकतान्त्रिक पद्धति स्वीकार गर्दै पार्टी अगाडि बढ्छ भन्ने धारणा राख्नुभयो ।रासस

# बृहत् वाम एकताबाट समाजवादी क्रान्तिको वातावरण बन्दैछ : संयोजक दाहाल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकका वामपन्थी पार्टीबीचको एकताबाट समाजवादी क्रान्तिको दिशामा अघि बढ्ने वातावरण बनेको बताउनुभएको छ।

कमलादीस्थित प्रज्ञा भवनमा मंगलबार बसेको माओवादी केन्द्रको राष्ट्रिय महाधिवेशन आयोजक समितिको बैठकलाई सम्बोधन गर्दै उहाँले जेनजी आन्दोलनलाई समाजवादी क्रान्तिका रूपमा संश्लेषण गर्नुपर्ने बताउनुभयो ।विभिन्न नौ वाम घटकसँगको एकताबारे असन्तुष्टि व्यक्त गर्दै पार्टी पुनर्गठन अभियान सञ्चालन गर्ने घोषणा गर्नुभएको नेता जनार्दन शर्मालाई पार्टी एकताको प्रक्रियामा सहभागी हुन संयोजक दाहालले आग्रह गर्नुभयो । "तपाईं (जनार्दन)ले आफ्नो निर्णयमा पुनर्विचार गर्नुस्, पार्टीमा फर्कनुस्, सँगै अघि जानुपर्छ", उहाँले भन्नुभयो।

संजोजक दाहालले गणतन्त्रवादी, लोकतन्त्रवादी र देशभक्तहरू एकता अहिलेको आवश्यकता भएको उल्लेख गर्दै देशभक्तिपूर्ण आन्दोलनमा समाहित हुन परिवर्तनकारी शक्तिलाई आह्वान गर्नुभयो । वामपन्थी र देशभक्ति अभियान सञ्चालन गरिरहेका कम्युनिष्ट नेताहरू पनि एकता प्रक्रियामा सहभागी हुने उहाँको विश्वास छ।

माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले मुलुकको आर्थिक समृद्धि, सुशासन र भ्रष्टाचार नियन्त्रणको राष्ट्रिय कार्यभार पूरा गर्ने उद्देश्यका साथ बृहत् वामपन्थी एकता गर्न लागिएको स्पष्ट पार्नुभयो । नेपाली कम्युनिष्ट आन्दोलनको पुनर्गठन र ध्रुवीकरण अहिलेको आवश्यकता भएको उल्लेख गर्दै उहाँले सम्पूर्ण देशभक्त शक्तिहरू एक ठाउँमा आउनुको विकल्प नभएको दोहोऱ्याउनुभयो।

बैठकले पार्टी एकतासम्बन्धी प्रस्ताव पारित गरेको छ। प्रवक्ता अग्निप्रसाद सापकोटाले समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आजको आवश्यकता भएको उल्लेख गर्दै सोही आवश्यकता पूरा गर्न विभिन्न नौ वटा वाम घटकबीच एकता घोषणा हुन लागेको जानकारी दिनुभयो । उहाँका अनुसार भोलि भृकुटीमण्डपमा पार्टी एकता घोषणासभा हुनेछ । एकीकृत पार्टीको नाम 'नेपाली कम्युनिष्ट पार्टी' रहने बताइएको छ।

माओवादी केन्द्र, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी नेकपा (माओवादी समाजवादी), नेकपा (साम्यवादी)सहित विभिन्न नौ वटा कम्युनिष्ट पार्टीबीच एकता हुँदैछ।

एकतापछि बन्ने पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हुने र नेपाली क्रन्तिको कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद हुने प्रवक्ता सापकोटाले जानकारी दिनुभयो । एकता प्रक्रियामा सहभागी सबै घटकको केन्द्रीय समितिको संयुक्त भेलाबाट पार्टी एकताको घोषणा, घोषणापत्र र अन्तरिम विधान पारित तथा केन्द्रीय समितिको गठन हुनेछ। उक्त पार्टीको चुनाव चिह्न पाँचकुने तारा राख्ने सहमति भएको छ ।रासस

# राष्ट्रपतिसँग महासचिव गुटेरेसको शिष्टाचार भेट

काठमाण्डु । 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी हुने सिलसिलामा कतारको राजधानी दोहामा रहनुभएका राष्ट्रपति रामचन्द्र पौडेलसँग संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आज शिष्टाचार भेट गर्नुभएको छ।



त्यस अवसरमा उहाँहरुबीच कोपनहेगन प्रतिबद्धताको कार्यान्वयन, सामाजिक विकास, शान्ति, सामाजिक न्याय र दिगो विकासका साझा लक्ष्य प्राप्तिबारे विचारविमर्श भएको राष्ट्रपतिका सञ्चारविज्ञ किरण पोखरेलले राससलाई बताउनुभयो ।राष्ट्रपतिले कोपनहेगनप्रतिबद्धताको कार्यान्वयन, सामाजिक विकास, शान्ति, सामाजिक न्याय र दिगो विकासका साझा लक्ष्य प्राप्तिका निम्ति संयुक्त राष्ट्रसङ्घसँग निकट सम्पर्कमा रहेर नेपालले काम गर्ने बताउनुभयो। राष्ट्रपति पौडेलले प्रतिनिधिसभा विघटन भएर आगामी फागुन २१ मा आम निर्वाचनको घोषणा गरिएको तथा स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्न नेपाल क्रियाशील रहेको उल्लेख गर्दै यस निर्वाचनले नेपालमा राजनीतिक निकास दिनाका साथै सुशासन, विकास र समृद्धिको यात्रा सुनिश्चित गर्ने विश्वास व्यक्त गर्नुभयो।

नेपालले कार्बन उत्सर्जन नगण्य रूपमा गरे पनि नेपाल जलवायु परिवर्तनका प्रतिकूल प्रभावबाट प्रताडित भएकाले जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण र अनुकूलनका लागि अन्तरराष्ट्रिय समुदायको सहयोगको अपेक्षा गरेको राष्ट्रपतिको कथन थियो ।रासस


## श्री राधाकृष्ण सार्वजनिक पुस्तकालय

### जनकपुरधाम उ.म.न.पा., वार्ड नं. १४ (मुजेलिया)

नेपाल–भारत सहयोगद्वारा निर्मित

## सिलबन्दी कोटेशन (टेण्डर) आव्हानको सूचना

सूचना प्रकाशित मिति : २०८२/०७/१९

यस श्री राधाकृष्ण सार्वजनिक पुस्तकालय, जनकपुरधाम-१४, मुजेलिया अन्तर्गत भोगचलनमा रहेको जि.ध. ज.उ.म.न.पा. वडा नं. १४ मुजेलिया सि.नं. १२७५-०५, कि.नं. १७ क्षेत्रफल १-६-२-० र ऐ.ऐ. सि.नं. १२७५-१० मा रहेको अधिकारी (पुरना) पोखरी र देवान पोखरीमा मिति २०८२ साल मंसिर १ गते देखि २०८७ साल कार्तिक मसान्तसम्म जम्मा पाँच वर्षका लागि माछापालन गर्ने गरी पोखरीको ठेक्का दिनुपर्ने हुँदा लिन चाहने नेपाली इच्छुक नागरिकहरु वा फर्म यस सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही मिति २०८२ साल कार्तिक २५ गते भित्र दिनको १२ बजे भित्र सिलबन्दी कोटेशन फाराम पेश गर्नु हुन सर्वसाधारणका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. बोलपत्र फाराम यस पुस्तकालयबाट रु. २१००।- अक्षरेपी दुइ हजार एक सय मात्र नगद तिरी मिति २०८२ साल कार्तिक १९ गते देखि २०८२ साल कार्तिक २५ गते बेलुका ७:०० बजेसम्म खरिद गर्न सकिनेछ। सोको नगद रसिद धरौटी रकमको बैंक भौचर, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. एवं फर्मका कागजातहरुको साथै धितो राख्ने जग्गाका ज.ध.पूर्जाको फोटोकापी, बैंक ग्यारेण्टी (B.G.) पेपर सिलबन्दी कोटेशन संग पेश गर्नुपर्ने छ। फाराम शुल्कको रकम पछि फिर्ता गर्ने छैन।

२. ठेक्काको न्यूनतम मुल्य अधिकारी (पुरना) पोखरी र देवान पोखरीको पाँच वर्षको लागि रु. २३,००,०००।- अक्षरेपी तेइस लाख निर्धारण गरिएको छ।

३. ठेक्का बन्दोबस्त रितपूर्वक पर्न आएको सिलबन्दी कोटोशन फारामहरु मध्ये सबभन्दा बढी रकम अंक कबोल गर्नेको हुन्छ।

४. ठेक्का वापत ठेकेदार, व्यक्ति वा फर्मले कबोल गरेको रकमको पाँच प्रतिशत (५%) धरौटी रकम नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, जनकपुर शाखामा श्री राधाकृष्ण सार्वजनिक पुस्तकालयको खाता नं. ०१४०१०४२५३६६६ मा जम्मा गरी सक्कल भौचर केटेशन साथ पेश गर्नुपर्नेछ।

५. स्वीकृत, ठेकेदार वा फर्मले ठेक्का भएको जानकारी पाए पछि पन्द्र (१५) दिन भित्र पहिलो किस्ताको रकम यस पुस्तकालयको बैंक खातामा जम्मा गरी दोश्रो किस्ताको रकम बराबर बैंक ग्यारेण्टी (B.G.) पत्र पेश गरी सम्झौता गरी भोगचलन पुर्जी लिई सक्नुपर्नेछ। अन्यथा सो नगरेमा ठेक्का बदर भई धरौटी रकम जफत गरी अर्को व्यवस्था समेत गर्न सकिने छ।

६. प्रत्येक किस्ता रकमको प्रत्येक आर्थिक वर्षको श्रावण महिनाको १५ गते भित्र बैंक ग्यारेण्टी (B.G.) पेपर वा बैंकमा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ। उक्त आर्थिक वर्षको असार १५ गते भित्र किस्ता बुझाइ सक्नुपर्नेछ।

७. ठेकेदार वा फर्मले स्वयंको पोखरीको प्रत्येक वर्ष बिमा गराई सक्कल कागजात पुस्तकालयमा पेश गर्नुपर्नेछ।

८. सम्पूर्ण ठेक्का रकमलाई पाँच बरारब किस्तामा बुझाउनु पर्नेछ।

९. शिल्ड कोटेशन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार पुस्तकालयको कार्यसमितिलाई निहित रहनेछ।

१०. म्याद भित्र पर्न नआएको वा वेरित पूर्वक कोटेशन माथि कुनै विचार गरिने छैन।

११. अस्वीकृत भएमा कोटेशनदाता वा फर्महरुको धरौटी रकम निर्णय भएको १५ दिन भित्र फिर्ता दिइनेछ।

१२. स्वीकृत ठेकेदार वा फर्मको धरौटी रकम ठेक्काको म्याद समाप्त भएपछि पुस्तकालयको सम्पूर्ण बाँकी बक्यौता रकम बुझाएपछि फिर्ता दिइनेछ।

१३. पर्न आएका सिलबन्दी कोटेशनहरु मिति २०८२ साल कार्त्तिक २५ गते मंगलवारका दिन दिउँसो २ बजे यस पुस्तकालयका पदाधिकारीहरु सामु कोटेशनदाताहरु वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ। कोटेशनदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी कोटेशन तथा टेण्डर खोल्न बाधा पर्ने छनै।

१४. यस पुस्तकालयलाई तिर्ने वा बाँकी बक्यौता राख्ने तथा कालो सूचीमा परेको व्यक्ति, फर्म वा निजको परिवारले यस ठेक्काको प्रक्रियामा सहभागी हुने पाउने छैन। सहभागी भएको पाइएमा त्यस्ता व्यक्ति वा फर्मको ठेक्का प्रक्रिया रद्द गर्न सकिनेछ।

१५. बाँकी अन्य शर्तहरु पुस्तकालयले निर्धारण गरिनेछ।

**सचिव**


# जनार्दन शर्मा र राम कार्कीको नेतृत्वमा प्रगतिशील अभियान सुरुआत

ललितपुर। 'विद्रोह जायज छ, विद्रोह अधिकार हो' भन्ने नारासहित माओवादी केन्द्रका पूर्वमहासचिव जनार्दन शर्मा र पूर्वसचिव राम कार्कीले समाजवादी ऐक्यबद्धताको आह्वानसहित प्रगतिशील अभियानको सुरुआत भएको घोषणा गर्नुभएको छ।



प्रगतिशील अभियानले नेपालमा दशकौँदेखि चल्दै आएका जनआन्दोलन, जनयुद्ध र जनविद्रोहका सहिदहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै, देशलाई नयाँ समाजवादी दिशातर्फ उन्मुख गराउन सबै प्रगतिशील शक्तिहरू एकजुट गराउने विश्वास व्यक्त गर्नुभएको छ। पत्रकार सम्मेलनमा पूर्वअर्थमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का पूर्वउपमहासचिव जनार्दन शर्माले भन्नुभयो, "विद्रोह हरेक पीडित, उत्पीडित र बेवास्ता गरिएको जनताको अधिकार हो। आजको आवश्यकता पुराना गल्तीबाट सिक्दै समाजवादी ऐक्यबद्धतामा नयाँ बाटो खोज्ने हो।" उहाँले माओवादी आन्दोलन र शान्ति प्रक्रियामा प्रवेशलाई ऐतिहासिक मोड बताउँदै भन्नुभयो, "क्रान्तिको मर्म र सहिदहरूको बलिदानलाई व्यर्थ जान नदिई समाजवादी राजनीति र जनताको सर्वोच्चतामा आधारित नयाँ दिशा तय गर्नुपर्छ।" त्यसैगरी, माओवादी केन्द्रका पूर्वसचिव राम कार्कीले नेपाली कम्युनिष्ट आन्दोलनभित्रको गुटबन्दी, व्यक्तिवाद र अवसरवादले आन्दोलन कमजोर बनाएको बताउनुभयो।

उहाँले भन्नुभयो, "नेपालको वाम आन्दोलनले जनताको अपार विश्वास पाएको थियो, तर नेताहरूले जनताप्रति जवाफदेही बन्न नसक्दा त्यो ऊर्जा निराशामा परिणत भयो। अब वैचारिक शुद्धता, आत्मसमीक्षा र सङ्गठनात्मक नवजीवनमार्फत नयाँ समाजवादी आन्दोलन खडा गर्नैपर्छ।"रासस

# दक्षिण कोरियाद्वारा एआई लगानी तीन गुणा र रक्षा बजेटमा ऐतिहासिक वृद्धि गर्ने घोषणा



एएफपी

सियोल। दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले आगामी वर्षका लागि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) क्षेत्रमा तीन गुणा लगानी र छ वर्षकै सबैभन्दा ठूलो रक्षा बजेट वृद्धि गर्ने योजना सार्वजनिक गर्नुभएको छ।

उहाँले मङ्गलबार संसद्मा प्रस्तुत गर्नुभएको वार्षिक बजेट सम्बोधनमा राष्ट्रलाई 'एआई युगको नेतृत्व गर्ने दिशातर्फ निर्णायक रूपमा अघि बढ्ने' घोषणा गर्नुभयो।

राष्ट्रपति लीले १०१ खर्ब वोन (करिब सात अर्ब अमेरिकी डलर) को लगानीद्वारा दक्षिण कोरियालाई संयुक्त राज्य अमेरिका र चीनसँगै विश्वका शीर्ष तीन एआई शक्तिहरूमध्ये एक बनाउने लक्ष्य लिइएको बताउनुभयो। "हामी एआई युगको नयाँ अध्याय खोल्दैछौँ, जसका लागि लगानी अभूतपूर्व रूपमा विस्तार गरिनेछ", उहाँले सम्बोधनमा भन्नुभयो। उक्त रकम यस वर्षको एआई सम्बन्धी बजेटभन्दा तीन गुणा बढी हो।

सन् २०२६ का लागि प्रस्तुत गरिएको सरकारी बजेटको कुल आकार सात हजार २८० खर्ब वोन रहेको छ। यो चालु वर्षको तुलनामा ८.१ प्रतिशतले बढी हो। राष्ट्रपति लीको डेमोक्रेटिक पार्टीले संसद्मा बहुमत राखेकाले बजेट पारित हुने सम्भावना प्रबल देखिएको छ।

रक्षा क्षेत्रको बजेटमा समेत उल्लेखनीय वृद्धि प्रस्ताव गरिएको छ। राष्ट्रपतिले यस वर्षको तुलनामा ८.२ प्रतिशत बढाएर ६६३ खर्ब वोन पुर्‍याउने लक्ष्य राख्नुभएको छ।

यदि यो पारित भयो भने सन् २०१९ पछि यो सबैभन्दा ठूलो वार्षिक वृद्धि हुनेछ। उहाँले भन्नुभयो, "हामी परम्परागत हतियार प्रणालीहरूलाई सुधार्दै एआई युगका लागि उपयुक्त अत्याधुनिक प्रविधि अपनाउनेछौँ, जसले हाम्रो सेनालाई छिटो एक बुद्धिमान र सक्षम शक्तिमा रूपान्तरण गर्नेछ।"

**"हामी परम्परागत हतियार प्रणालीहरूलाई सुधार्दै एआई युगका लागि उपयुक्त अत्याधुनिक प्रविधि अपनाउनेछौँ, जसले हाम्रो सेनालाई छिटो एक बुद्धिमान र सक्षम शक्तिमा रूपान्तरण गर्नेछ।"**

राष्ट्रपति लीका अनुसार आगामी वर्षको एआई बजेटमध्ये २६ खर्ब वोन उद्योग, दैनन्दिन जीवन र सार्वजनिक क्षेत्रमा एआई प्रविधिको विस्तारमा खर्च गरिनेछ भने ७५ खर्ब वोन प्रतिभा विकास र पूर्वाधार निर्माणमा लगानी हुनेछ। दक्षिण कोरिया विश्वका दुई ठूला मेमोरी चिप उत्पादक कम्पनी–सामसङ इलेक्ट्रोनिक्स र एसके हाइनिक्स–को गृह देश हो। यी दुवै कम्पनीले एआई प्रविधि र उच्च क्षमतायुक्त डेटा सेन्टरहरूका लागि आवश्यक चिप्स उत्पादन गर्छन्।

गत हप्ता अमेरिकी चिप कम्पनी एनभिडियाका प्रमुख कार्यकारी जेन्सेन हुआङले दक्षिण कोरियालाई आफ्नो कम्पनीका सबैभन्दा उन्नत दुई लाख ६० हजार चिप्स आपूर्ति गर्ने योजना घोषणा गर्नुभएको थियो। उहाँले त्यसलाई 'महत्त्वाकांक्षी लक्ष्य' बताउँदै भन्नुभयो, "कोरियाले यो लक्ष्य हासिल गर्न नसक्ने कुनै कारण छैन–तपाईंहरूसँग प्रविधि, सफ्टवेयर दक्षता र विश्वस्तरीय उत्पादन क्षमतासम्म छ।"

दक्षिण कोरिया अमेरिकाको प्रमुख सैन्य सहयोगी राष्ट्र हो। यस मुलुकमा हाल करिब २८ हजार ५०० अमेरिकी सैनिक उत्तर कोरियाको सम्भावित खतराबाट सुरक्षा गर्न तैनाथ छन्। जुन महिनामा पदभार ग्रहण गरेदेखि राष्ट्रपति लीले उत्तर कोरियासँग पूर्व शर्तबिनाको संवाद र पारस्परिक सम्मानको नीति अवलम्बन गर्ने प्रतिबद्धता व्यक्त गर्दै आउनुभएको छ।

उहाँले मङ्गलबारको सम्बोधनमा भन्नुभयो, "दक्षिण कोरियाले अहिले नै उत्तर कोरियाको वार्षिक कुल गार्हस्थ्य उत्पादनको डेढ गुणा रक्षा क्षेत्रमा खर्च गरिरहेको छ र हाम्रो देश विश्वका पाँचौँ शक्तिशाली सैन्य राष्ट्रहरूको सूचीमा पर्छ।" सन् १९५० देखि १९५३ सम्म चलेको कोरियाली युद्ध शान्ति सन्धि नभई केवल युद्धविराम सम्झौतामा समाप्त भएकाले सियोल र प्योङ्याङबीचको द्वन्द्व औपचारिक रूपमा अझै अन्त्य भएको छैन।


# क्यानाडाका प्रधानमन्त्री कार्नीको पहिलो बजेटबाट अमेरिकामाथिको निर्भरता घटाउने लक्ष्य

एएफपी

ओटावा। क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीको सरकारले मङ्गलबार आफ्नो पहिलो बजेट सार्वजनिक गर्दै अमेरिकामाथिको आर्थिक निर्भरता घटाउने र नयाँ भूराजनीतिक वास्तविकतालाई सम्बोधन गर्ने दीर्घकालीन रणनीति प्रस्तुत गरेको छ।

उहाँले यस बजेटलाई अमेरिकी कर नीतिका कारण दबाबमा परेको क्यानाडाली अर्थतन्त्रका लागि 'दृढ उत्तर' का रूपमा परिभाषित गर्नुभयो। राजनीतिमा प्रवेश गर्नुअघि क्यानाडा र बेलायत दुवै देशका केन्द्रीय बैंकका गभर्नर रहिसक्नुभएका कार्नीले आफूलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नीतिका कारण उत्पन्न चुनौतीपूर्ण अमेरिकी सम्बन्धको अवस्थाबाट देशलाई पार लगाउने 'अनुभवी नेतृत्व' भएको व्यक्ति भनेर प्रस्तुत गर्नुभएको हो। ट्रम्प प्रशासनले लगाएको उच्च करका कारण क्यानाडाको अटोमोबाइल, एल्युमिनियम र स्टिल उद्योगहरूमा ठूलो असर परेको छ। त्यसले बेरोजगारी बढाएको र उद्योगहरूमा लगानी घटाएको छ।

"नयाँ अमेरिकी व्यापार नीतिले सिर्जना गरेको अवरोधका बीच हामीले अब वृद्धि र अवसर कहाँ खोज्ने भन्ने प्रश्नको उत्तर यही बजेटले दिनेछ", प्रधानमन्त्री कार्नीले गत साता दक्षिण कोरियामा पत्रकारहरूसँग भन्नुभएको थियो। उहाँको लिबरल सरकारका अनुसार यो बजेटले क्यानाडाको आर्थिक र सुरक्षा नीति दुवैलाई अमेरिकी दबाबबाट स्वावलम्बी दिशातर्फ मोड्नेछ। अर्थमन्त्री फ्रान्कोइस-फिलिप च्याम्पेनले संसद्मा बजेट प्रस्तुत गर्नुअघि यसलाई 'लगानीमुखी बजेट' भनेर परिभाषित गर्दै भन्नुभयो, "यो भोलिको क्यानाडा निर्माण गर्ने योजना हो।"



अर्थ मन्त्रालयले बजेटको विस्तृत विवरण अन्तिम घडीसम्म गोप्य राखे पनि प्रमुख प्रावधानहरूमा नाटोको लक्ष्य अनुसार रक्षा खर्चमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ। साथै, प्रधानमन्त्री कार्नीले अमेरिकासँगको आर्थिक 'विच्छेद' का बीच क्यानाडाको आर्थिक सार्वभौमिकता बलियो पार्ने उद्देश्यले राष्ट्रिय स्तरका ठूला पूर्वाधार तथा ऊर्जा परियोजनाहरूका लागि रकम छुट्याउने तयारी गर्नुभएको छ।

यी परियोजनामा बन्दरगाह विस्तार, ऊर्जा उत्पादन र दुर्गम क्षेत्रका महत्त्वपूर्ण खनिज उत्खननलाई सशक्त पार्ने योजनाहरू समावेश छन्। प्रधानमन्त्रीले यसलाई 'क्यानाडाको भविष्यका लागि दीर्घकालीन लगानी' का रूपमा वर्णन गर्नुभयो।

अप्रिलमा सम्पन्न आमनिर्वाचनमा पूर्ण कार्यकालका लागि निर्वाचित हुनुअघि उहाँले जनवरीमा तत्कालीन प्रधानमन्त्री जस्टिन ट्रुडोलाई प्रतिस्थापन गर्नुभएको थियो। कार्नीले ट्रम्प-युगका तनावहरू 'अझै समाप्त भएका छैनन्' र त्यसको असरबाट बच्न क्यानाडाले दीर्घकालीन रणनीति अवलम्बन गर्नैपर्नेछ भन्दै पटक-पटक चेतावनी दिँदै आउनुभएको छ।

"यो बजेटले अमेरिकामाथिको हाम्रो निर्भरता घटाउनेछ", उहाँले भन्नुभयो, "तर यस्तो रूपान्तरण रातारात सम्भव हुँदैन।" हाल संसद्मा लिबरल पार्टी बहुमतभन्दा तीन सिटले कम भएकाले सरकारलाई बजेट पारित गर्न विपक्षीहरूको समर्थन वा अनुपस्थितिको आवश्यकता छ। बजेट 'विश्वास मत' भएकाले त्यसमा असफल भएमा नयाँ निर्वाचनको सम्भावना स्वतः खुल्नेछ।

सबैभन्दा ठूलो विपक्षी कन्जर्भेटिभ पार्टीका नेता पियरे पोइलिभ्रेले समर्थनको सर्तका रूपमा घाटा घटाउने माग गर्नुभएको छ। यसबीच ओटावा विश्वविद्यालयकी सार्वजनिक नीति विज्ञ जेनेभिभ टेलियरले भन्नुभयो, "म बजेट घाटा निकै ठूलो हुने अपेक्षा गर्छु, तर सरकारले खस्ने सम्भावना भने न्यून देखिन्छ।" वामपन्थी न्यु डेमोक्रेट पार्टी अर्को चुनाव टार्ने मनस्थितिमा देखिएकाले सम्भवतः मतदानबाट टाढा रहनेछ। यस पार्टीले अप्रिलमा कमजोर प्रदर्शन गरेपछि आधिकारिक विपक्षको दर्जा गुमाएको छ।

"म पूर्ण रूपमा विश्वस्त छु कि यो बजेट देशको आवश्यकता अनुरूपको सही बजेट हो", सप्ताहन्तमा पत्रकारहरूले बजेट पारित हुने आत्मविश्वासबारे सोध्दा प्रधानमन्त्री कार्नीले भन्नुभयो, "यो कुनै खेल होइन–आवश्यक परे मैले आफ्ना नीतिहरूको रक्षा चुनावी मैदानमै गर्नेछु।"

# पूर्व प्रधानमन्त्रीलाई शरण दिएको विरोधमा पेरुद्वारा मेक्सिकोसँग कूटनीतिक सम्बन्ध विच्छेद

एपी

लिमा। पेरु सरकारका विदेशमन्त्री ह्युगो डे जेलाले सोमबार राजधानी लिमामा आयोजित पत्रकार सम्मेलनमा पेरुले मेक्सिकोसँगको कूटनीतिक सम्बन्ध तोड्ने निर्णय गरेको घोषणा गर्नुभएको छ।

उक्त निर्णय पेरुकी पूर्व प्रधानमन्त्री श्रीमती बेट्सी चाभेजले मेक्सिकोबाट शरण मागेपछि गरिएको हो। चावेजमाथि हाल विद्रोहसम्बन्धी मुद्दामा अनुसन्धान चलिरहेको छ।

विदेशमन्त्री डे जेलाका अनुसार मेक्सिकोको लिमास्थित राजदूतावासले चाभेजलाई शरण प्रदान गर्ने निर्णय लिँदा दुई देशबीच पहिले नै रहेको राजनीतिक तनावलाई अझ चर्काउने 'अत्यन्तै प्रतिकूल कार्य' गरेको हो। उहाँले मेक्सिकोले पेरुको आन्तरिक मामिलामा बारम्बार हस्तक्षेप गर्दै आएको आरोप लगाउनुभयो। यसैबीच राष्ट्रपति जोसे जेरीको कार्यलयबाट जारी विज्ञप्तिमा पनि मेक्सिको सरकारमाथि पेरुको आन्तरिक विषयमा अनावश्यक र बारम्बार हस्तक्षेप गरेको आरोप लगाइएको छ।



अधिकारीहरूका अनुसार सन् २०२२ मा तत्कालीन राष्ट्रपति पेड्रो क्यास्टिलोले संसद् विघटन र आपतकाल घोषणा गर्ने असफल प्रयासमा संलग्न भएको अभियोगमा चाभेजमाथि अनुसन्धान भइरहेको छ।

त्यसबेला सेनाको समर्थन नपाएपछि क्यास्टिलो तत्कालै संसद्द्वारा पदच्युत हुनुभएको थियो। त्यसपछि उहाँलाई विद्रोह उक्साएको अभियोगमा पक्राउ गरिएको थियो। महान्यायाधिवक्ताको कार्यालयले चाभेजमाथि राज्यसत्ताविरुद्धको विद्रोहको अपराधमा सहयोगीको रूपमा आरोप लगाएको छ र उहाँका लागि २५ वर्षसम्म कैद सजायको माग गरेको छ।

विदेशमन्त्री डे जेलाले भन्नुभयो, "आज हामीले गहिरो खेदका साथ थाहा पायौँ कि तत्कालीन राष्ट्रपति पेड्रो क्यास्टिलोद्वारा गरिएको कू प्रयासकी सह-लेखिका पूर्व प्रधानमन्त्री बेट्सी चाभेजलाई लिमास्थित मेक्सिकाली दूतावासमा शरण दिइएको छ।" मेक्सिको सरकारले भने अन्तर्राष्ट्रिय कानूनअनुसार शरण प्रदान गरिएको बताउँदै पेरुको निर्णयप्रति खेद प्रकट गरेको छ। मेक्सिकोको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "मेक्सिकोले पेरुको एकपक्षीय निर्णयलाई अत्यधिक र असमान प्रतिक्रिया मानेको छ। यो कुनै पनि रूपमा पेरुको आन्तरिक मामिलामा हस्तक्षेप होइन।"

यसअघि पनि मेक्सिकोले पूर्व राष्ट्रपति पेड्रो क्यास्टिलोप्रति सहानुभूति प्रकट गर्दै उहाँकी श्रीमती र सन्तानहरूलाई शरण दिएको छ।

क्यास्टिलो वामपन्थी मञ्चमार्फत सत्तामा पुग्नुभएको थियो र सन् २०२२ डिसेम्बरमा संसद् विघटनको घोषणा गरेपछि पदच्युत हुनुभएको थियो। गत अक्टोबरमा मेक्सिकाकी राष्ट्रपति क्लाउडिया सेनबामले क्यास्टिलोप्रति समर्थन व्यक्त गर्दै उहाँलाई 'कूको सिकार' भएको बताउनुका साथै निष्पक्ष सुनुवाइ र रिहाइको माग गर्नुभएको थियो।

पेरुको विदेश मन्त्रालयले सोमबार प्रकाशित अर्को विज्ञप्तिमा भनिएको छ, "सन् २०२२ डिसेम्बरको घटनादेखि नै मेक्सिको सरकारले पेरुको आन्तरिक मामिलामा अस्वीकार्य र व्यवस्थित हस्तक्षेप गर्दै आएको छ।" पेरुले आफ्नो सार्वभौम अधिकारको सम्मान गर्न पटक-पटक आग्रह गर्दा पनि मेक्सिकोले आफ्नो 'अस्वीकार्य र गैरकूटनीतिक' व्यवहार परिवर्तन नगरेको मन्त्रालयले बताएको छ।

# भारतद्वारा मतदाता सूची सुधार अभियान प्रारम्भ



एएफपी

नयाँदिल्ली। भारत सरकारले मङ्गलबारदेखि देशव्यापी रूपमा आफ्नो मतदाता सूचीको सामूहिक संशोधन प्रक्रिया प्रारम्भ गरेको छ। यो अभ्यासलाई "विशेष गहन संशोधन (स्पेसल इन्टेन्सिभ रिभिजन-एसआइआर) भनिएको छ। एसआइआरलाई मानवअधिकार र नागरिक अधिकारकर्मीहरूले विवादास्पद बताउँदै विश्वकै सबैभन्दा ठूलो लोकतन्त्रमा लाखौँ नागरिकको मताधिकार जोखिममा पर्ने चेतावनी दिएका छन्।

तीन महिनासम्म चल्ने यो व्यापक अभियान १२ वटा राज्य र सङ्घीय क्षेत्रहरूमा सुरु गरिएको छ। तीमध्ये धेरैले आगामी वर्ष स्थानीय तहका निर्वाचनहरू आयोजना गर्न लागेका छन्। यस क्रममा दशौँ हजार सरकारी निर्वाचन अधिकृत र करिब पाँच लाख स्वयंसेवकले देशभरका बासिन्दाहरूको घर-घर पुगेर मतदाता गणना फारम भर्न, सङ्कलन गर्न र पेस गर्न सहयोग पुर्‍याउनेछन्।

भारतीय निर्वाचन आयोग (इसिआई) का प्रमुख ज्ञानेश कुमारले राजधानी नयाँदिल्लीमा पत्रकार सम्मेलन गर्दै भन्नुभयो, "हाम्रो उद्देश्य प्रत्येक योग्य नागरिकलाई मतदाता सूचीमा समावेश गर्नु हो। अधिकारीहरूले घरदैलो अभियानमार्फत नागरिकहरूलाई फारम भर्न सहयोग गर्नेछन् र त्रुटिहरू सच्याउने काम हुनेछ।"

यसअघि, चालु वर्षको सुरुआतमा निर्वाचन आयोगले बिहार राज्यमा यस्तै संशोधन कार्य सञ्चालन गरेको थियो। बिहारमा १३ करोडभन्दा बढी जनसङ्ख्याको बसोबास छ। त्यस अभ्यासपछि करिब ६५ लाख मतदाताको नाम सूचीबाट हटाइएको थियो। आयोगले यो कदम 'विदेशी अवैध आप्रवासीहरूको दर्ता रोक्न' आवश्यक रहेको दाबी गरेको थियो।

प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) का नेताहरूले लामो समयदेखि छिमेकी बङ्गलादेशबाट कागजातविहीन मुस्लिम आप्रवासीहरूले गलत रूपमा मतदाता दर्ता गरिरहेका आरोप लगाउँदै आएका छन्। तर, आलोचकहरू र नागरिक समाजका समूहहरूले यी दाबीहरूलाई राजनीतिक नारा भन्दै कडा कागजात माग गर्ने प्रावधानका कारण लाखौँ वास्तविक भारतीय नागरिक अन्यायपूर्वक मतदाता सूचीबाट हटाइने चिन्ता व्यक्त गरेका छन्।

कयौँ कार्यकर्ताले जीवित मतदातालाई मृतकको रूपमा सूचीबद्ध गरिएको र कतिपय परिवारका सबै सदस्यलाई मस्यौदा सूचीबाट पूर्णरूपमा हटाइएको उदाहरणहरू सार्वजनिक गरेका छन्।

अगस्ट महिनामा भारतको सर्वोच्च अदालतले 'आधार' नामक बायोमेट्रिक परिचयपत्रलाई मतदाता दर्ताका लागि वैध प्रमाणपत्रको रूपमा स्वीकार गर्न सकिने आदेश दिँदै केही कानूनी विवादहरू कम गराएको थियो। तथापि, अधिकारकर्मीहरूले अझै पनि ग्रामीण र गरिब नागरिकहरूका लागि आवश्यक कागजात जुटाउन कठिन हुने बताएका छन्।

पछिल्लो एसआइआर अभियानमा भारतका प्रमुख राज्यहरू समावेश छन्। यसमा करिब १९ करोड जनसङ्ख्या भएको उत्तर प्रदेश, नौ करोड १० लाख जनसङ्ख्या भएको पश्चिम बङ्गाल, सात करोड २० लाख जनसङ्ख्या भएको तमिलनाडु र तीन करोड ३० लाख जनसङ्ख्या भएको केरला पर्दछन्।

यस अभ्यासविरुद्ध विभिन्न अधिकार समूह र विपक्षी दलहरूले कानूनी चुनौती दर्ता गरिरहेका छन्। तमिलनाडुका मुख्यमन्त्री एम. के. स्टालिनले सोमबार सर्वोच्च अदालतमा निवेदन दर्ता गर्दै यो अभ्यास 'वास्तविक मतदाताहरूको नाम मेटाउने राजनीतिक चाल' मात्र भएको आरोप लगाउनुभयो।

उहाँले आइतबार विपक्षी दलहरूको एक भेलामा सम्बोधन गर्दै भन्नुभयो, "मतदान लोकतन्त्रको शरीर र आत्मा हो र आज त्यो अधिकार गम्भीर सङ्कटको सामना गरिरहेको छ।" भारतीय निर्वाचन आयोगका अनुसार संशोधन कार्य पूरा भएपछि अन्तिम मतदाता सूची आगामी सन् २०२६ फेब्रुअरी ७ मा सार्वजनिक गरिनेछ।

# उत्तर कोरियाका पूर्व राष्ट्रप्रमुख किम योङ नामको ९७ वर्षको उमेरमा निधन

एएफपी

सियोल। उत्तर कोरियाको तथाकथित 'रबर स्ट्याम्प संसद्' का पूर्व प्रमुख तथा नाममात्रको राष्ट्रप्रमुखका रूपमा दुई दशकभन्दा बढी समयसम्म सेवा गर्नुभएका किम योङ नामको ९७ वर्षको उमेरमा निधन भएको छ। उहाँको निधन बहु-अङ्ग विफलताका कारण भएको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले जानकारी दिएको छ।

किमले सन् १९९८ देखि २०१९ सम्म सर्वोच्च जनसभा (सुप्रिम पिपुल्स एसेम्बली) को प्रेसिडियमको अध्यक्षका रूपमा कार्य गर्नुभएको थियो। उक्त पदले उहाँलाई राष्ट्रको औपचारिक प्रमुखको रूपमा प्रतीकात्मक जिम्मेवारी प्रदान गरेको थियो। यद्यपि, वास्तविक सत्ता र निर्णय गर्ने अधिकार तत्कालीन नेता किम जोङ इल र पछि उहाँका छोरा, हालका सर्वोच्च नेता किम जोङ उनको हातमा केन्द्रित रहेको थियो।



केसिएनएका अनुसार किम जोङ उनले 'उनको निधनप्रति गहिरो शोक व्यक्त गर्न' व्यक्तिगत रूपमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। उहाँले दरबार भ्रमण गरी शोकाकुल परिवारलाई सान्त्वना दिनुभएको समाचारमा उल्लेख छ। एक सार्वजनिक फोटोग्राफमा किम जोङ उन वरिष्ठ अधिकारीहरूबीच उभिनुहुँदै काँचको कफिनभित्र राखिएका किम योङ नामको पार्थिव शरीरअगाडि मौन श्रद्धा व्यक्त गरिरहेको देखिन्छ।

किम योङ नामले आफ्नो कार्यकालमा उत्तर कोरियाको कूटनीतिक छवि बाह्य रूपमा विस्तार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। विशेषगरी सन् २०१८ मा दक्षिण कोरियाको प्योङचाङमा सम्पन्न शीतकालीन ओलम्पिकको उद्घाटन समारोहमा उहाँले उत्तर कोरियाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको थियो। उक्त अवसरमा दुई कोरियाबीच दशकौँपछि भएको दुर्लभ प्रत्यक्ष सम्पर्कका रूपमा हेरिएको थियो।

त्यो ऐतिहासिक कार्यक्रममा दक्षिण कोरियाली सञ्चारमाध्यमहरूले व्यापक रूपमा रिपोर्ट गर्दै किम योङ नामले दक्षिण कोरियाली उच्च अधिकारीहरूसँगको बैठकमा सर्वोच्च नेता किम जोङ उनकी बहिनी किम यो जोङलाई अगाडिको सम्माननीय सिट प्रदान गर्नुभएको थियो उल्लेख गरेका थिए। रासस

# दुर्लभ पन्छी चिरकालिजको संख्या १८ जोडी

म्याग्दी । कालीगण्डकी नदी आसपासको उच्च पहाडी क्षेत्रमा दुर्लभ पन्छी चिरकालिजको सङ्ख्या बढेको छ । नेपाल पन्छीविद् सङ्घले गरेको अध्ययनअनुसार १६ वर्षअघिको तुलनामा यस वर्ष चिरकालिजको सङ्ख्या बढेको हो। सङ्घले हालै मुस्ताङको थासाङ गाउँपालिकाको घाँसा, लेते, कुञ्जो, टिटीताल, खन्ती, भिप्रा देउरालीमा चिरकालिजको अध्ययन गरेको थियो ।

मुस्ताङमा गरेको अध्ययनको प्रतिवेदन तयार पारेको टोली चिरकालिजको अवस्था अध्ययनका लागि म्याग्दीको धवलागिरि गाउँपालिका र ढोरपाटन सिकार आरक्षमा आएको छ । अध्ययन टोलीमा सहभागी अनुसन्धानकर्ता विराट रजकले सन् २००९ मा छ जोडी चिरकालिज रहेको उक्त सात ठाउँमा यसपालि १८ जोडी भेटिएका जानकारी दिनुभयो ।

"सन् २००४ मा १७ र २००६ मा ११ जोडी कालिज भेटिएका थिए", उहाँले भन्नुभयो, "सन् २००९ पछि अध्ययन भएको थिएन । सोह्र वर्षपछि यसपालि भएको अध्ययनका क्रममा कालीगण्डकीको माथिल्लो क्षेत्रमा चिरकालिजको सङ्ख्या बढेको पाइएको छ ।"समुदायमा संरक्षण शिक्षा, चेतनाको विकास, चोरी सिकारी नियन्त्रण, बासस्थान वरपर मानवीय र घरपालुवा जनावरको गतिविधि बढ्दा चिरकालिजको सङ्ख्या वृद्धिमा सहयोग पुगेको अनुसन्धानकर्ता रजकले बताउनुभयो।



खरबारी, पाखोबारीमा मानिसले घाँस काट्ने, पशुचौपायाको चरन क्षेत्र हुँदा झाडी हटेर आहारा खोज्न सजिलो हुने भएकाले चिरकालिजको बसोबासका लागि अनुकूल वातावरण बनेको उहाँको भनाइ छ।

चिरकालिजले फुल कोरल्नेबाहेकका समयमा डढेलो लाग्दा झाडी नष्ट हुने र प्रशस्त आहारा पाउँदा उसका लागि अनुकूल मानिन्छ । चैत, वैशाख र जेठ चिरकालिजले फुल पार्ने, कोरल्ने र चल्ला निकाल्ने समय हो ।

समुद्री सतहबाट एक हजार चार सय मिटरदेखि तीन हजार छ सय मिटरसम्मको उचाइमा चिरकालिज पाइने गर्छ । सामान्य कालिजजस्तै यो तल्लो तटीय क्षेत्रमा पाइँदैन । यो चरा झट्ट हेर्दा कालिजको पोथीजस्तै देखिए पनि धेरै भिन्नता रहने अनुसन्धानकर्ता केशव चोखालले जानकारी दिनुभयो।

"चिरकालिजको भालेको पुच्छर लामो, आँखाको रङ पनि रातो हुने, शरीरमा सेतो थोप्लामा कालो बुट्टा हुन्छ भने आकारमा पोथी भालेभन्दा सानो र पुच्छर पनि छोटो हुन्छ", उहाँले भन्नुभयो, "बिहान सूर्योदय हुनुभन्दा अगाडि र साँझमा सूर्यास्त भएपछि दिनको दुईपटक मात्र चिरचिर गरेर कराउने भएकाले यसलाई चिरकालिज भनिएको हो ।"

'क्याट्रस वालिची' वैज्ञानिक नाम रहेको यस पन्छीलाई अङ्ग्रेजीमा चिरफेजेन अर्थात् नेपालीमा चिरकालिज र सुदूरपश्चिममा चेडु चराको नामले चिनिने गरिएको छ। भिरमा नै बासस्थान बनाउने यो पन्छीले एकपटकमा सातदेखि १५ वटासम्म फुल पार्ने जनाइएको छ ।

चिरकालिज नेपालमा मुख्यगरी अन्नपूर्ण संरक्षण क्षेत्र, ढोरपाटन सिकार आरक्ष र रारा राष्ट्रिय निकुञ्जका साथै संरक्षित क्षेत्रभन्दा बाहिर पर्वतसँगै म्याग्दी र बागलुङ तथा कर्णाली तथा सुदूरपश्चिम क्षेत्रमा पाइन्छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मै यसलाई लोपोन्मुख प्रजातिका रूपमा सूचीकृत गरेको डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख विष्णु अधिकारीले बताउनुभयो । कालीगण्डकीका साथै म्याग्दी र रघुगङ्गाको तटीय क्षेत्रमा देखिएकाले अनुसन्धान थालिएको हो । चिरकालिजको अध्ययनका लागि दातृ निकाय टोलेडोजुले सहयोग गरेको नेपाल पन्छीविद् सङ्घले जनाएको छ।

धवलागिरि गाउँपालिकाको म्याग्दी नदी आसपास र ढोरपाटन सिकार आरक्ष क्षेत्रमा अध्ययनपछि प्राप्त हुने प्रतिवेदनका आधारमा चिरकालिज संरक्षण कार्यक्रम गरिने जैविक बिविधता संरक्षण समाज नेपालका कार्यक्रम अधिकृत पवन राईले बताउनुभयो । दुर्लभ पन्छी हेर्नका लागि विदेशी पर्यटक आउँदा स्थानीयस्तरमा रोजगारी सृजना र आयआर्जन वृद्धिमा सघाउ पुग्ने उहाँले बताउनुभयो ।रासस

# नेप्से परिसूचकमा २७ अङ्कको गिरावट




काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २७ दशमलव ६४ अङ्कले घटेर दुई हजार ५९५ दशमलव २४ को विन्दुमा कायम भएको छ। आज नेप्से परिसूचक एक दशमलव ०५ प्रतिशतले घटेको हो ।

मंगलबार ३२२ कम्पनीको एक करोड तीन लाख ४३ हजार ८९८ कित्ता शेयर ४६ हजार ८७५ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब १५ करोड सात लाख ६८ हजार ९३८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

मंगलबारको कारोबारमा सबै समूहको उपसूचक घटेको छ। बैङ्किङ शून्य दशमलव ६६, विकास बैङ्क एक दशमलव ४७, वित्त दुई दशमलव २१, होटल तथा पर्यटन शून्य दशमलव ९३, जलविद्युत् एक दशमलव २१ र लगानी समूह शून्य दशमलव ८७ प्रतिशतले घटेको छ।

त्यसैगरी जीवन बीमा एक दशमलव ४४, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९१, लघुवित्त शून्य दशमलव ७५, म्युचुअल फन्ड शून्य दशमलव ३१, निर्जीवन बीमा एक दशमलव २१, व्यापार शून्य दशमलव ११ र अन्य समूह एक दशमलव ८१ प्रतिशतले घटेको छ।

एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको मंगलबार सबैभन्दा धेरै रु २७ करोड ९८ हजार ५७२ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै सिङ्गटी हाइड्रो इनर्जी लिमिटेडको छ लाख ९९९ कित्ता शेयर किनबेच भएको छ ।रासस

# बाढीपहिरोबाट ११ अर्ब ८१ करोडको क्षतिको आकलन

फिक्कल । गत असोज १८ र १९ गतेको अकल्पनीय वर्षापछिको बाढीपहिराले इलाममा रु ११ अर्ब ८१ करोड बढीको क्षति भएको छ । जिल्लास्थित विभिन्न सडक, पुल, भवन, खानेपानी, सिँचाइ, पशुपन्छी, कृषिजन्य क्षेत्रमा इलाममा रु ११ अर्ब ८१ करोड ७९ लाख ८५ हजार ७०३ बराबरको क्षति भएको प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जानकारी दिनुभयो ।

जिल्ला प्रशासन कार्यालयले सडक डिभिजन, पूर्वाधार विकास कार्यालय, नेपाल विद्युत् प्राधिकरण, जलस्रोत तथा सिँचाइ डिभिजनसहित सम्बन्धित ११ वटा विषयगत कार्यालयबाट सङ्कलन गरेको क्षतिको प्रारम्भिक विवरणअनुसार सो परिमाणमा क्षति भएको प्रजिअ नेपालले बताउनुभयो ।

बाढीपहिरोबाट सडक डिभिजनअन्तर्गत विभिन्न ११ आयोजनामा पहिरो गई रु छ अर्ब ९६ करोड ४५ लाखको क्षति भएको छ। पूर्वाधार विकास कार्यालयअन्तर्गत ६२ सडकमा रु दुई अर्ब ३४ करोड ६५ लाख, २५ वटा पुलमा रु ८५ करोड र छवटा भवनमा रु चार करोडबराबरको क्षति भएको छ।

जिल्ला प्रशासनका अनुसार नेपाल विद्युत् प्राधिकरणअन्तर्गत पाँचवटा आयोजनाको एचटी लाइन, एलटी लाइन र ट्रान्सफर्मरमा



रु दुई करोड ४७ लाख ३५ हजार ९५२ बराबरको क्षति भएको छ। त्यसैगरी, जलस्रोत तथा सिँचाइ विकास डिभिजनअन्तर्गत १६ नदी नियन्त्रण आयोजनाको रु १३ करोड ४६ लाख ६९ हजार, पाँचवटा पहिरो नियन्त्रण आयोजनाको रु एक करोड ७४ लाख २२ हजार र ७२ सिँचाइ आयोजनामा रु १७ करोड ७१ लाख ५९ हजारबराबरको क्षति भएको छ।

त्यसैगरी, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रअन्तर्गत दुई हजार ५२० वटा पशुपन्छीमा रु दुई करोड ३५ लाख ७६ हजार र दुई सय ४४ वटा गोठ र पोखरीमा रु एक करोड ९७ लाख ५४ हजारबराबरको क्षति भएको छ । खानेपानी तथा ढल व्यवस्थापन विभाग धनकुटा फिल्ड एकाइ कार्यालयअन्तर्गत २९ वटा खानेपानी आयोजनामा रु २८ करोड ७५ लाख र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भद्रपुर झापाअन्तर्गत २ सय २३ आयोजनामा रु २८ करोड १ लाख बराबरको क्षति भएको प्रजिअ नेपालले जानकारी दिनुभयो ।

त्यस्तै, कृषि ज्ञान केन्द्रअन्तर्गत तीन हजार ४०९ किसानले ८९२ दशमलव ३२ हेक्टर क्षेत्रमा लगाएको खाद्य तथा नगदेबालीमा रु २७ करोड ४९ लाख ९५ हजार ७५० र राष्ट्रिय चिया तथा कफी विकास बोर्ड चिया विस्तार योजनाअन्तर्गत २५ चिया बगानमा रु चार करोड ७५ लाख ५० हजारबराबरको क्षति भएको जनाइएको छ।

नेपाल टेलिकमअन्तर्गत १० अप्टिकल फाइबर तथा केवलमा रु पाँच लाख आठ हजार र सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना गैँडे झापाअन्तर्गत ३१ वटा आयोजनामा पहिरोबाट रु ३२ करोड ९० लाख १६ हजारबराबरको क्षति भएको छ।

क्षतिको विवरण जानकारी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय र सम्बन्धित विषयगत मन्त्रालयमा पठाइसकिएको प्रजिअ नेपालले बताउनुभयो ।

"जिल्लाभित्रका विषयगत कार्यालयबाट सम्बन्धित पालिकाको समन्वय र सहजीकरणमा क्षतिको प्रारम्भिक विवरण सङ्कलन गरिएको छ", प्रजिअ नेपालले भन्नुभयो, "क्षतिको विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय र सम्बन्धित विषयगत मन्त्रालयमा पठाएका छौँ ।"

बाढीपहिरोबाट इलाममा ३९ जनाको ज्यान गएको थियो भने २६ जना घाइते भएका थिए। एक जना अझै बेपत्ता छन् । बाढीपहिरोबाट जिल्लामा सात सय ११ घरपरिवार विस्थापित भएका छन् । यसमध्ये सात सय परिवार आफन्तको घरमा र ११ परिवार सामुदायिक भवनमा बसिरहेको जिल्ला प्रशासनले जनाएको छ । बाढीपहिरोबाट जिल्लाको १० स्थानीय तहमा तीन सय ६५ घर पूर्ण र नौ सय ४० घरमा आंशिक क्षति पुगेको थियो ।रासस

# मूल्य खस्किएपछि अदुवा किसान मारमा

घोराही । यहाँको तुलसीपुर उपमहानगरपालिका-१९ छिल्लीकोटका किसान विकास खड्काको बारीमा अनुमानित ५० क्विन्टल अदुवा छ । यतिबेला बारीको अदुवा खनेर बजार पठाइसक्नु पर्ने हो । तर बजार भाउ नभएका कारण खड्काले अदुवा अझै खन्नुभएको छैन।

गत वर्ष यही याममा रु ५५ देखि ६० प्रतिकिलो अदुवा बेच्नुभएका खड्कालाई अहिले बजार भाउले निकै खिन्न बनाएको छ । बजार भाउ रु ३० देखि ३५ रहेका कारण अदुवा खन्ने जाँगर नलागेको उहाँले बताउनुभयो। अन्य कृषि बाली छोडेर अदुवा रोप्नुभएका उहाँ यो वर्ष भाउ नपाउँदा निराश हुनुहुन्छ । खड्काले भन्नुभयो, "यो वर्ष अदुवा बिक्रीबाट लगानी पनि नउठ्ने अवस्था छ, बजार भाउ नपाउँदा यो वर्ष अझै खनेको छैन।" बेमौसमी वर्षाले पनि अदुवामा केही क्षति गरेको उहाँ बताउनुहुन्छ । उहाँले गत वर्ष रु दुई लाखको अदुवा बिक्री गर्नुभएको थियो।

छिल्लीकोटकै पलबहादुर खड्काले पनि गत वर्ष अदुवाले भाउ पाएको देखेर रु ५० हजारको बीउ किनेर अदुवा लगाउनुभयो । तर अहिले अदुवाको भाउ सुनेर उहाँ पनि निराश हुनुहुन्छ । बीउ किन्दाखेरिकै ५० हजारको सावाँब्याज अहिले रु ६५ हजार पुगेको छ। अदुवाको बीउ किन्दा लिएको ऋणको साँवाब्याज कसरी तिर्ने भन्ने पिरलो उहाँलाई छ।

बजारमा व्यापारीले सस्तोमा भारतबाट अदुवा भित्र्याउँदा स्थानीयले उत्पादन गरेको अदुवा बिक्री नहुने अवस्था भएको छ । उहाँले भन्नुभयो, "बीउको ऋण तिर्न समस्या छ । अहिलेको अवस्थामा रहेको मूल्यमा अदुवा बिक्री गर्दा ऋण तिर्न पनि पुग्दैन।" पहाडी क्षेत्रमा जङ्गली जनावरले क्षति नगर्ने र राम्रो आम्दानी हुने भएपछि अधिकांश किसानले अदुवा रोप्ने गरेका छन्। तर मूल्य नपाउँदा किसान मर्कामा परेको स्थानीय पूर्णबहादुर पुन बताउनुहुन्छ।

उहाँका अनुसार यहाँका स्थानीय ३०/३५ घरले अदुवाखेती गर्ने गरेका छन् । छिल्लीकोट क्षेत्रबाट मात्रै वार्षिक ६०० क्विन्टल बढी अदुवा बिक्री हुने गरेको छ । अदुवाको बजारीकरणमा स्थानीय सरकारले सहयोग गरेमा सहज हुने उनीहरुको आशा छ ।रासस


## Invitation for Bids

**Sonma Rural Municipality**

**Sonma, Mohattari**

**Madhesh Province, Nepal**

**Date of publication: 5 November 2025**

1. Sonma Rural Municipality, Mohattari invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of following works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sonma Rural Municipality, Sonma Mohattari, Madhesh Province or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost Nrs. 3000/- of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank:** NMB Bank Limited **Name of Office:** Sonma Rural Municipality, Mohattari
**Office Code no. :** 801021815 **Account no.:** 1160073372500029
**Rajaswa (revenue) Shirshak no. :** 14229

4. Pre-bid meeting shall be held at Sonma Rural Municipality, Mohattari at 01:00PM on 23 Novemner 2025.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 5 December 2025. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00PM on 5 December 2025 at the office of Sonma Rural Municipality, Mohattari. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. Below mentioned amount, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days total)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | IFB No. | IFB Name | Bid Fee | Bid Security | Cost Estimate (inclusive VAT & PS) |
|---|---|---|---|---|---|
| 1 | SRM/Works/ 082/083/NCB1 | The Procurement of Electrification work in Sonma Rural Municipality | Nrs. 3000/- | Nrs. 140,000/- | Nrs. 5793597.20 |
| 2 | SRM/Works/ 082/083/NCB2 | The Procurement of Motor Sahit Ko Pump set for Farmers with two bigha of Land | Nrs. 3000/- | Nrs. 180,000/- | Nrs. 7588905.50 |


# शिक्षणसँगै व्यावसायिक केराखेती

महेन्द्रनगर । कञ्चनपुरकोपुनर्वासनगरपालिका-१ का विष्णुराज घिमिरे जनकल्याण माध्यमिक विद्यालयका शिक्षक हुन् । तर उहाँको परिचय शिक्षकमा मात्रै सीमित छैन । उहाँ हाल व्यावसायिक कृषकको रुपमा पनि परिचित हुनुहुन्छ । विसं २०७५ देखि केराखेती गर्नुभएका घिमिरेले हाल साढे आठ बिघा जमिन भाडामा लिएर केराखेती गरिरहुनभएको छ।

"वार्षिक रु पाँच लाख भाडा तिर्ने गरी जमिन लिएर केराखेती गरिरहेको छु," घिमिरेले भन्नुभयो, "वार्षिक केराखेतीबाट रु १० लाख मुनाफा हुन्छ।" उहाँले केराखेतीबाट भएको आम्दानीले प्रत्येक वर्ष क्षेत्र विस्तार गर्नाका साथै छोराछोरीको अध्ययन खर्च जुटाइरहेको बताउनुभयो।"केराको मूल्यमा उतारचढाव आउँदा कहिलेकाहीँ समस्या हुन्छ," उहाँले भन्नुभयो, "कञ्चनपुर जिल्ला असारदेखि माघसम्म केरामा आत्मनिर्भर भइसकेको छ।" उहाँले बाह्रै महिना केरा उत्पादन गर्न यहाँ सम्भव नभएको बताउनुभयो ।रासस

# भेडापालनमा भविष्य खोज्दै आस्मन

म्याग्दी । यहाँको धवलागिरि गाउँपालिका-४, मुदी सिङकोसका २५ वर्षीय युवा आस्मन पुर्जा मगर प्रायः भेडीगोठमै भेटिनुहुन्छ । हिउँदमा बैंसी र बर्खायाममा बुकीका खर्कमा घुम्ती गोठमा भेडाबाख्रा गोठालो गर्नु उहाँको दैनिकी हो । केही वर्षअघिसम्म रोजगारीको खोजीमा शहरमा भौतारिनुभएका पुर्जा अहिले भेडापालनमै भविष्य खोजिरहनुभएको छ।

बुबा मनलाल र आमा फिस्टीका सात भाइ छोरा र एक छोरीमध्ये कान्छो आस्मनले कक्षा ९ सम्म मात्रै पढ्नुभयो । उहाँले पोखरा, नयाँपुल र बेनीमा रेष्टुरेन्टमा पनि काम गर्नुभयो । ती सबै काम छाडेर उहाँ गाउँमै भेडापालन गर्न फर्कनुभएको हो।



"आफ्नै माटोमासम्भावना छन् भन्ने लागेर भेडापालन सुरु गरेको हुँ, मेरो स्वदेशमै आत्मनिर्भर बन्ने सपनालाई आर्थिक लगानीको जरुरी थियो, त्यही बेला कोरियामा रहनुभएका साथी अनिल पाइजाले साथ दिनुभयो र यो सम्भव भएको हो," पुर्जाले भन्नुभयो । किसानी मावि बिममा पढ्ताका सहपाठी अनिलले भेडापालनका लागि सुरुआती लगानी गरिदिएपछि आफ्नो भेडापालन गर्ने सपना पूरा भएको उहाँले बताउनुभयो ।

भेडापालनमा करिब रु १३ लाख लगानी गर्नुभएका पुर्जालाई साथी अनिलले मात्रै करिब रु ६ लाख सापटी दिनुभएको छभने बाँकी रकम पुर्जा आफैँले जुटाउनुभएको छ। उहाँका गोठमा हाल करिब १०० भेडा छन्। भेडीगोठमा भेडाको सङ्ख्या थपिने क्रम जारी छ। यही याममा मात्र उहाँका करिब २५ भेडा ब्याउने तयारीमा छन् । निकट भविष्यमा भेडाको सङ्ख्या बढाएर भेडीगोठलाई आम्दानीको स्रोत बनाउने पुर्जाको योजना छ।

जेठदेखि असोजसम्म जिरबाङ पिक, बुकी र मूलखर्कका हरियालीमा राखिने भेडीगोठलाई हिउँद लागेपछि भने सिङकोस गाउँ वरपर झारिन्छ। स्थानीय बासिन्दाले देवीदेवताको भाकल पूरा गर्न साँढले पूजा गर्ने चलन भएकाले भेडीगोठमा उत्पादन भएका साँढका लागि बजारको अभाव छैन। रासस

# तलब नपाउँदा पठनपाठन ठप्प



**बखतियार अलि**

मलंगवा । लामो समयदेखि शिक्षकहरुले तलब नपाउँदा पठनपाठन नै ठप्प परेका छन् ।

बैशाख महिना देखि तलबभता नपाएपछि हरिपुर्वा नगरपालिका वडा नम्बर- ९ स्थित नेपाल राष्ट्रिय जनता आधारभूत विद्यालय बगेवाका शिक्षकहरु कार्तिक १६ गते देखि पठनपाठन बन्द गरेर धर्नामा बसेर आन्दोलन गर्न बाध्य भएको शिक्षकहरुले बताएका छन् ।

शिक्षकको दरबन्दी मिलान र सरुवा बढुवाको विषयमा राजनीतिक खिचातानी भएपछि आफूहरु तलबभता नपाएको विद्यालयका प्रधानाध्यापक लक्ष्मण कुमार यादवले जानकारी दिए ।

विगत ७ महिनादेखि शिक्षक मिलानको विषयमा विवाद हुँदा यहाँ कार्यरत शिक्षकहरु लामो समयदेखि तलबभता पाएका छैनन् । समस्या समाधानका लागि पटक-पटक नगरपालिकाका शिक्षा शाखा, शिक्षा विकास तथा समन्वय ईकाइ तथा जिल्ला प्रशासनमा हामिले जानकारी गराए पनि कुनै प्रकारका कारवाही नभएपछि आफुहरु पठनपाठन बन्द गरेर धर्नामा बस्न बाध्य भएको नेपाल राष्ट्रिय जनता आधारभूत विधालय बगेवाका प्रधानाध्यापक यादवले बताए ।

हरिपुर्वा नगरपालिकाका नगरप्रमुख विनोद कुमार साहले भने यस पालिकामा १६ वटा सामुदायिक विद्यालय रहेको छ । कार्यपालिका तथा शिक्षा समितिले शिक्षक दरबन्दी मिलानको निर्णय गरेपछि १५ वटा विद्यालयले नगरपालिकाको निर्णयलाई कार्यान्वय गरेको छ ।

यद्यपि हरिपुर्वा नगरपालिका वडा नं.९ मा रहेको नेपाल राष्ट्रिय जनता आधारभूत विद्यालय बगेवाका प्रधानाध्यापकले पालिकाको निर्णयलाई बेवास्ता गरेका कारण तलबभता रोक्का गरेको नगरप्रमुख साहले जिकिर गरे । यस विद्यालयमा राजनीतिक हुन थालेपछि तलब रोक्का गर्नुपरेको प्रमुख साहले दाबी गरेका छन् ।

नेपालको संविधान, २०७२ को मौलिक हक (धारा ३१) मा आधार भूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको छ ।

यद्यपि शिक्षा क्षेत्रमा भइरहेको राजनीतिक खिचातानीले गर्दा सरकारी सामुदायिक विद्यालयहरुको शिक्षाको गुणस्तर खस्किदै गएको छ ।

मौलिक हक अधिकारमा पर्ने शिक्षा क्षेत्र र विद्यालय स्थानीयतहमा व्याप्त राजनीतिक द्वन्द्वका कारण सामुदायिक विद्यालयको अवस्था खराब हुँदै गएको स्थानीयहरुको भनाइ छ । शिक्षकहरुले तलबभता नपाउँदा यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरु पढाईबाट बञ्चित हुनु परेको छ ।

# स्वास्थ्यकर्मीको आन्दोलनमा अश्रुग्यास प्रहार, तीनजना पक्राउ

नेपाल सरकारले तोकेको मापदण्डअनुसारको तलब पाउनुपर्ने माग गर्दै निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले आन्दोलनमा उत्रिएका छन् ।

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा सडक अवरुद्ध गरी आन्दोलनरत स्वास्थ्यकर्मीहरुमाथि प्रहरीले दमन गर्दै निर्घात कुटपिट गरेका छन् । सो क्रममा मंगलबार साँझ पिडारी चोकबाट आन्दोलनरत तीन जना स्वास्थ्यकर्मीलाई प्रहरीले नियन्त्रणमा लिएका छन् भने दुर्व्यवहारसहित एक महिला स्वास्थ्यकर्मीलाई मरनासन्न हुने गरी कुटपिट गरेको स्वास्थ्यकर्मी रञ्जित यादवले बताए ।

जनकपुरधाम मंगलबार पिडारी चोकस्थित अवरुद्ध गरिएको जनकपुरधाम-ढल्केवर सडकखण्ड खुलाउने क्रममा शान्तिपूर्ण रुपमा आन्दोलन गरिरहेका स्वास्थ्यकर्मीहरुमाथि अश्रुग्यास प्रहारसंगै कुटपिटसमेत गरेको स्वास्थ्यकर्मी यादवले बताए ।

उनका अनुसार पक्राउ पर्नेहरुमा स्वास्थ्यकर्मीहरु ओम कापडी, पशुपति र नाम नखुलेका एकजना अझै रहेका छन् ।

उनीहरुले जनकपुरधामस्थित रामानन्द चोक हुँदै पिडारी चोकमा दिउँसोदेखि नै साँझसम्म जनकपुरधाम-ढल्केवर सिक्सलेन सडक अवरुद्ध गरी आन्दोलनमा छन् । सो क्रममा बाटो खुलाउँदै आन्दोलनलाई नियन्त्रणमा लिनका लागि धनुषा प्रहरीले करिब ६ राउण्ड अश्रुग्यास प्रहार गरेको जनाइएको छ ।



नेपाल सरकारले तोकेको मापदण्डअनुसारको तलब पाउनुपर्ने माग गर्दै निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले आन्दोलनमा उत्रिएका छन् ।

मन्त्रालयले सूचना जारी हुँदासमेत निजी अस्पतालहरूले कार्यान्वयन नगरेको स्वास्थ्यकर्मी रामविनय ठाकुरले बताए । उनले जिल्ला प्रशासन कार्यालय, श्रम मन्त्रालय, मुख्यमन्त्री कार्यालय र स्वास्थ्य मन्त्रालयलाई बारम्बार ध्यानाकर्षण गराए पनि अहिलेसम्म कुनै ठोस कदम नउठाइएकाले बाध्य भएर सडकमा उत्रिएर आन्दोलन गर्नुपरेको बताए ।

नेपाल सरकारले तोकेको मापदण्डअनुसारको तलब पाउनुपर्ने माग गर्दै निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले आन्दोलनमा उत्रिएका छन् ।

श्रमशोषणमा परेको भन्दै उनीहरूले नेपाल सरकारको स्वास्थ्य मन्त्रालयले सिफारिस गरेको तलबअनुसार पाउनुपर्ने, स्वास्थ्यकर्मीको परिवारजनको निःशुल्क स्वास्थ्य उपचार, स्वास्थ्यकर्मीको सुरक्षा र बीमाको व्यवस्थासहित सात बुँदे माग गर्दै आन्दोलन थालेका छन् ।

मन्त्रालयले सूचना जारी हुँदासमेत निजी अस्पतालहरूले कार्यान्वयन नगरेको स्वास्थ्यकर्मी रामविनय ठाकुरले बताए । उनले जिल्ला प्रशासन कार्यालय, श्रम मन्त्रालय, मुख्यमन्त्री कार्यालय र स्वास्थ्य मन्त्रालयलाई बारम्बार ध्यानाकर्षण गराए पनि अहिलेसम्म कुनै ठोस कदम नउठाइएकाले बाध्य भएर सडकमा उत्रिएर आन्दोलन गर्नुपरेको बताए ।

## लागूऔषध ब्राउन सुगरसहित निचुटाका माली पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको पटेर्वासुगौलीगाउँपालिका-५ स्थित निचुटा टोलमा लागूऔषध ब्राउन सुगरसहित एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीबाट खटिएको गस्ती टोलीले निचुटा नजिकको गौरीशंकर मन्दिर छेउबाट एक पैदल यात्रुको तलासी गर्दा लागूऔषध फेला पारेको हो ।

पर्सा प्रहरीका अनुसार पक्राउ पर्ने व्यक्ति सोही टोलका २० वर्षीय धिरज माली हुन् । उनलाई जाँच गर्दा उनको साथबाट २१० मिलिग्राम ब्राउन सुगर जस्तो देखिने लागूऔषधका चार प्याकेट र एक मोबाइल फोन बरामद गरिएको पर्सा प्रहरीले जनाएको छ ।

पर्सा प्रहरीले पक्राउ परेका मालीमाथि थप अनुसन्धान भइरहेको र बरामद वस्तु प्रयोगशालामा पठाइने जनाएको छ ।

# नक्कली ब्लुबुक बनाएर चोरीको मोटरसाइकल बेच्ने गिरोहको खुलासा

**सञ्जय मिश्रा**

रौतहट । रौतहटमा नकल्ली ब्लुबुक बनाएर चोरीको मोटरसाईकल बेच्ने गिरोहको खुलासा भएको छ । रौतहट प्रहरी प्रमुख एसपी रबिन कार्कीको निर्देशन र इलाका प्रहरी कार्यालय बिजयपुरका प्रमुख इन्स्पेक्टर सुरेन्द्र यादवको सक्रियताले उक्त गिरोहबारे खुलासा भएको हो ।

जिल्लाको पश्चिमीभेग फतुवा बिजयपुरमा आईतावार राती चोरीको मोटरसाइकलसहित दुईजना पक्राउ परेपछि चोरीको मोटरसाइकललाई सक्कली बताएर सर्वसाधारणलाई झुक्याएर बिक्री गर्ने तरिका गिरोहको खुलासा हुँदै गएको छ । ६ दिन अघि ग्लोबल आईएमई बैंक विजयपुर कार्यरत कर्मचारी पप्पु साहले कटहरिया नगरपालिका- ५ का ४५ वर्षीय (नाक कट्टा) भन्ने धर्मेन्द्र महतो कोईरी लगायतसंग २ लाख रुपैयाँमा मधेश प्रदेश ०३० ३८प ८१३८ नम्बरको २२० सीसीको पल्सर मोटरसाइकल खरिद गरेका थिए । ब्लुबुकमा उक्त मोटरसाइकलको धनीको स्थानमा गरुडा नगरपालिका- ९ का चन्दन साह तेली उल्लेख रहेको थियो । धर्मेन्द्र महतोले विजयपुरमै बसेर लेखनदाससंग चन्दन साहको नामको उक्त मोटरसाइकल पप्पु साहको नामले बिक्रिनाको कागज लेखाएर दिएका थिए । नामसारी पछि गराउने सहमती भएको पप्पु साहले बताए ।



यसैबीच त्यसको ५ दिनपछि सोही गिरोहले एउटा अर्को मोटरसाइकल बिक्री गर्न विजयपुरका अर्का स्थानीयसंग ब्लुबुक देखाएर कुरा गरेका थिए । उक्त स्थानीयले नाम नबताउने सर्तमा भने चोर गिरोहले देखाएको मोटरसाइकलको नम्बर यातायात कार्यालय वीरगञ्जमा हेराउँदा उनीहरूले देखाएको ब्लुबुकको नाम फरक देखिएको थियो। उनले पप्पु साहलाई सो बारे जानकारी दिए ।

यसलगत्तै पप्पु साहले ईलाका प्रहरी कार्यालय विजयपुरका इन्स्पेक्टर सुरेन्द्र यादव लाई जानकारी गराउँदा गिरोह लाई पक्राउ गर्ने योजना बनेको थियो ।

योजना अनुसार आइतबार राति फतुवा बिजयपुर नगरपालिका-८ स्थित विजयपुर चौक नजिक तीनजनाको समूहले मोटरसाइकल बिक्री गर्न स्थानीय संग कुराकारी सुरु गरेको थियो ।

घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरी प्रमुख एसपी रबिन कार्कीको निर्देशनमा इन्स्पेक्टर सुरेन्द्र यादवको कमाण्डमा खटिएको टोलीले आइतबार राति करिब साढे ८ बजे दुई जनालाई मोटरसाइकलसहित नियन्त्रणमा लिएको थियो । पक्राउ पर्नेमा चन्द्रपुर नगरपालिका-८ स्थित बेतावना टोलका ३४ वर्षीय रामलाल पासवान र कटहरिया नगरपालिका-५ स्थित बलिरामपुर टोलका ४९ वर्षीय परमानन्द महतो भन्ने प्रेम महतो रहेको एसपी कार्कीले बताए ।

गिरोहका मुख्य नाइके कटहरिया ५ का ४५ वर्षीय धर्मेन्द्र महतो कोइरी त्यहाँबाट भाग्न सफल भएको एसपी कार्कीले बताए ।

उनीहरूले बिक्रिका लागि ल्याएको मधेश प्रदेश ०५-००१ प ०३९१ र बीआर ०६ सीएन ८८५२ नम्बरका दुई मोटरसाइकल विजयपुर चोकबाट करिब १०० मिटर पूर्वतर्फ रमेश भट्टराईको घर नजिक इन्स्पेक्टर यादवको टोलीले नियन्त्रणमा लिइएको थियो । बरामद दुवै मोटरसाइकल र पप्पु साहले खरिद गरेको मधेश प्रदेश ०३० ३८प ८१३८ नम्बरको २२० सीसीको पल्सर मोटरसाइकल गरी तीनवटै मोटरसाइकल र पक्राउ परेका दुबैजना इलाका प्रहरी कार्यालय विजयपुरको नियन्त्रणमा रहेको छ । दुवैजना माथि सोमबार चोरी सम्बन्धी मुदा दर्तागरी जिल्ला अदालत रौतहटबाट ७ दिनको म्याद थमाएर थप अनुसन्धान तथा कानूनी प्रक्रिया अघि बढाइएको इन्स्पेक्टर यादवले बताए । इन्सपेक्टर यादवका अनुसार थप अनुसन्धानसंगै मुख्य आरोपी पक्राउ परेपछि यिनीहरु चोरीको मोटरसाइकल कहाँबाट ल्याउँछन्, ब्लुबुक बनाउने गिरोहबारे खुल्ने क्रम जारी नै छ ।

तत्काल पक्राउ दुवैजना र फरार महतो सहित तीनैजना माथि चोरी सम्बन्धी मुद्दा दायर गरिएको छ । पीडित भनिएका पप्पु साहले जाहेरी दिएपछि चोरी संगै ठगी, आपराधिक विश्वासघात र किर्ते मुद्दा चलाइने इन्स्पेक्टर यादवले जानकारी दिए । उनीहरूको गिरोहले दर्जनौं चोरीको मोटरसाइकल नक्कली ब्लुबुक देखाएर बिक्रिनामाको कागजको आधारमा बेचेको हुनसक्ने प्रहरीको अनुमान रहेको छ ।

एसपी कार्कीले जिल्ला प्रहरी प्रमुखको जिम्मेवारी सम्भालेदेखि रौतहटमा प्रहरीले सक्रियता बढाएको स्थानीयहरूले बताए ।

विगतमा जिल्लाको उत्तरीभेग गुजरा नगरपालिका र बाराको कोल्हवी लगायत सोही छेउछाउका केही नगरपालिकाका चौधरी र केही अन्य समुदायका युवाहरु संस्थागत रूपमा मोटरसाइकलको छोरी तथा अबैध खरिद बिक्री गर्ने गरेका थिए ।

# कृषि सडक निर्माणमा भ्रष्टाचार ठहरसहित मुद्दा

**टुडे समाचारदाता**

राजविराज । कृषि सडक निर्माणमा भ्रष्टाचार भएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार (कात्तिक १८) संलग्न अधिकारीहरूविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

सप्तरीको महादेवा गाउँपालिका-२ स्थित दोमुहान डगरदेखि खाडो नदी हुँदै भीमबाँधसम्मको सडकमा भ्रष्टाचार भएको हो । आयोगले ६ लाख ९० हजार ६५७ रुपैयाँ भ्रष्टाचारको ठहरसहित अभियुक्तहरूबाट असुल गर्नुपर्ने दाबी लिएको छ ।

कृषि विकास निर्देशनालय नक्टाझिज कार्यालय प्रमुख रत्नकुमार झा, कृषि अर्थ विज्ञ-योजना प्रमुख विकासकुमार साह, लेखा अधिकृत (छैठौं) चक्रप्रसाद अधिकारी, परामर्शदाता किरु इन्जिनियरिङ कन्सल्टेन्ट प्रा.लि.का प्रोप्राइटर हरिशकुमार सिंहलाई अभियुक्त बनाएको हो ।

त्यस अतिरिक्त आयोगले सप्तरीको महादेवा गाउँपालिका-२ का वडाअध्यक्ष जगदीश मण्डल, उपभोक्ता समितिका अध्यक्ष हरिनारायण यादव, सचिव गगांराम यादव र कोषाध्यक्ष सावित्रीदेवी यादवलाई अभियुक्त बनाएको छ ।

अभियुक्तहरूले बद्नियत राखी वास्तविक कार्यभन्दा बढी काम देखाउँदै गैरकानुनी भुक्तानी लिँदै सरकारी निकायलाई हानि पुऱ्याएको प्रमाणित भएको दाबी आयोगको छ । आयोगका अनुसार,




कच्चा कृषि सडक निर्माणका लागि आर्थिक वर्ष २०७७/७८ मा लागत २३ लाख ५२ हजार ८६९ रुपैयाँ स्वीकृत गरिएको थियो । त्यसमध्ये निर्देशनालयले १९ लाख ९९ हजार ९३९ रुपैयाँ र उपभोक्ता समितिले जनश्रमदानका रूपमा तीन लाख ५२ हजार ९३० रुपैयाँ व्यहोर्ने गरी २०७८ जेठ १८ गते सम्झौता भएको थियो ।

सम्झौता अनुसार, योजना २०७८ जेठ १८ गते सुरु गरी २०७८ जेठ ३१ गतेभित्र सक्नुपर्ने थियो । तर, तोकिएको समयभित्र काम पूरा नगरी उपभोक्ता समितिले म्याद थप गर्न निवेदन दिएको देखिए पनि त्यससम्बन्धी कुनै निर्णय नभएको आयोगले जनाएको छ ।

आयोगको प्राविधिक टोलीले स्थलगत नापजाँच गर्दा नापी किताबमा देखिएको ४३७.४० घनमिटर परिमाणको तुलनामा फिल्डमा २०३.१४ घनमिटर परिमाण रहेको पाइयो । यसरी २३४.२६ घनमिटरको कमी (ऋणात्मक फरक) देखिँदा ६ लाख ९० हजार ६५७ रुपैयाँ ५ पैसा बराबरको रकम बढी भुक्तानी भएको अनुसन्धानले देखाएको छ ।

**सचेत उपभोक्ता बनौं ।**

सामान खरिद गर्दा देहायका विषय एकिन गरौं,

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातिक वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मुल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी ।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं, भुक्तानी गरेको मुल्य बराबरको बिल अनिवार्य लिऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

# २३ लाखसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । स्रोत नखुलेको लाखौं रुपैयाँसहित दुई जनालाई जिल्ला प्रहरी कार्यालय सप्तरीले पक्राउ गरेको छ ।

राजविराज नगरपालिका-२ स्थित भेडिया नजिक गाईघाट-कदमाहा सडकखण्डमा सप्तरी प्रहरीले आइतबार राति चेकजाँचका क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको छ ।

प्रहरी निरीक्षकको कमाण्डमा खटिएको टोलीले सप्तरीको दक्षिण कदमाहाबाट उत्तर गाईघाटतर्फ जाँदै गरेको ब.प्र. ०१-०२८ च ५००८ नम्बरको सेतो टोयोटा गाडी रोकेर जाँच गरेपछि गाडीभित्र दुई जना सवार भेटिएको सप्तरी प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा झापा दमक नगरपालिका-५ का २७ वर्षीय किरण सिटौला र सोही गाडीमा सवार १८ वर्षीय धीरज प्रसाई रहेको प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए ।

आरोपितहरुको साथबाट २३ लाख रुपैयाँ नगदसहित विभिन्न सामग्रीहरू बरामद भएको उनले बताए । बरामद रकममा एक हजार रुपैयाँ दरका एक हजार ३९९ थान र पाँच सय दरका एक हजार ८०२ थान नोट रहेको उनको भनाइ छ ।

त्यसका अतिरिक्त गाडीभित्रबाट टेकोन पम्प एक सय थान, टीएनइएच ब्याट्री ३४ थान, लिथियन ब्याट्री एक थान, ई-रिक्सा मोटर तीन थान, स्कुटर ब्याट्री चार्जर सात थान, ब्याट्री टेस्टर एक थान र सानो हर्न स्पिकर एक थान फेला परेको थियो ।

# गाउँपालिकाका वडाध्यक्षमाथि रकम लुटपाटको आरोप

**टुडे समाचारदाता**

बारा । बाराको सुवर्ण गाउँपालिकाका एक जनप्रतिनिधिमाथि एक महिलाले आफ्नो रकम लुटपाट गरेको आरोप लगाएका छन् ।

सुवर्ण गाउँपालिका-६ स्थित मुसहर्नाका ओजिर मिया कुजडा र उनकी श्रीमती मेरातुन नेशाले गाउँपालिका-८ का वडा अध्यक्ष सैबुल्लाह मिया कुजडामाथि यस्तो आरोप लगाएका हुन् ।

पीडित मेरातुनका अनुसार वडा अध्यक्ष कुजडाले उनलाई मुक्काले प्रहार गर्दै जमीनमा



लडाएपछि सारिमा बाँधिएको नगद च्यातेर लुटी फरार भएका हुन् ।

घटनापछि घाइते अवस्थामा रहेका ओजिर मियाले कलैया प्रादेशिक अस्पतालमा उपचार गराइरहेका छन् ।

अस्पतालमा पत्रकारहरूसँग कुरा गर्दै उनीहरूले वडा अध्यक्षमाथि लुटपाटको आरोप लगाए ।

मेरातुन खातुनका अनुसार वडा अध्यक्षले उनको छोरालाई पनि छातीमा प्रहार गर्दा केही समयका लागि अचेत भएका थिए ।

उनले प्रहरी प्रशासनसंग न्याय दिलाउन माग गरिन् ।

कलैयातर्फ जाँदै गर्दा मझरिया पानी ट्यांकी नजिक भएको बताइएको छ।

पीडित दम्पतीका अनुसार वडा अध्यक्ष कुजडा तीनवटा मोटरसाइकलमा आएका करिब ६ जनाको समूहसहित आएको र उनीहरूले पैसा लुटेर फरार भएको आरोप छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८